# रणनीतिक योजना

# STRATEGIC PLAN

## 2079-084/ 2022-2027



## जे. एस. मुरारका बहुमुखी क्याम्पस
## लहान–१० (सिरहा)

☎:०३३५६०५५२

# जे. एस. मुरारका बहुमुखी क्याम्पस

लहान, (सिरहा)

पत्र संख्या :- ०६२/०६२ ( त्रि. वि. बाट सम्बन्धन प्राप्त ) मितिः २०७२/११/३०

चलानी नम्बर : ३८८/०६२

विषय : रणनीतिक योजना (Strategic Plan) पठाइएको बारे ।

श्रीमान् अध्यक्ष ज्यू ,
विश्वविद्यालय अनुदान आयोग
सानोठिमी, भक्तपुर ।

महोदय,

उपरोक्त सम्वन्धमा यस जे.एस.मुरारका बहुमुखी क्याम्पस लहान तथा विश्वविद्यालय अनुदान आयोग बीच HERP कार्यक्रमका लागि भएको सम्झौता अनुरुप सन २०१५ देखि २०२० सम्ममा यस क्याम्पसको योजनावद्ध रुपले संस्थागत क्षमता अभिवृद्धि गर्ने उद्देश्यराखी सरोकारवाला पक्षहरुको संलग्नतामा तयार गरिएको रणनीतिक योजना (२०१५-२०२०), २०७३ असाढ मसान्त सम्म गरिने कार्य योजनाको विवरण तथा आ.व. २०७२-०७३ को वजेट यसै साथ संलग्न गरि पठाइएको व्यहोरा जनकारीका लागि अनुरोध छ ।

............ ७२/११/३०

(तुलसीराम पोखरेल)

क्याम्पस प्रमुख

# जे.एस. मुरारका बहुमुखी क्याम्पस

लहान (सिरहा)

# विषय सूची

पाना नं.

## खण्ड-एक

## परिचय (Introduction)


| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि (Introduction and Rationale) | १ |
| १.२ | योजनाका उद्देश्यहरु (Objectives of the Plan) | १ |
| १.३ | योजना निर्माण प्रक्रिया/विधि (Process of Preparing the Plan) | २ |
| १.४ | सहभागीहरु (Participants) | २ |
| १.५ | सोकारवालाहरु (Stakeholders) | २ |
| १.६ | रणनीतिक योजनाका प्रमुख पक्षहरु (Components of the Strategic Plan) | ४ |
| १.७ | रणनीतिक योजनाको मूल्य र मान्यता (Norms and Values of Strategic Plan) | ४ |


## खण्ड- दुई

## संस्थागत पार्श्वचित्र (Institutional Profile)


| | | |
|---|---|---|
| २.१ | सेवाक्षेत्रहरुको समीक्षा (Overview of the Catchments Area) | ६ |
| २.१.१ | भौगोलिक अवस्थिति (Geographical Scenario) | ६ |
| २.१.२ | सामाजिक, साँस्कृतिक, आर्थिक र राजनीतिक स्थिति (Social, Cultural, Economic and Political Scenario) | ६ |
| २.१.३ | शैक्षिक अवस्था र क्षेत्र (Educational Scenario and Scope) | ६ |
| २.१.४ | सरोकारवाला र उनीहरुको सहभागीताको क्षेत्र (Stakeholders and Scope of their Participation) | ८ |
| २.२ | संस्थाको विवरण (Description of the Institution) | १० |
| २.२.१ | ऐतिहासिक पृष्ठभूमि (Historical Background) | १० |
| २.२.२ | भैतिक पूर्वाधार विकास् (Development of Physical Infrastructures) | ११ |
| २.३ | शैक्षिक कार्यक्रम तथ क्रियाकलाप व्यवस्थापन (Academic Programmes and Curricular Management) | १३ |
| २.३.१ | विद्यार्थी तथा कार्यक्रम विवरण २०७२ (Programmes and Student Enrollment and Composition) | १३ |
| २.३.२ | शिक्षण सिकाई व्यवस्थापन र सहयोग (Teaching-Learning Management and Support) | १५ |

| | | |
|---|---|---|
| २.३.३ | शिक्षण सिकाई व्यवस्थापन र अभ्यास (Teaching-Learning Management and Practice) | १५ |
| २.३.४ | शिक्षण सिकाई स्रोतहरु र सहयोग (Teaching- Learning Resources and Support) | १५ |
| २.३.५ | परीक्षा प्रणाली र नतिजा (Examination System and Result) | १६ |
| २.४ | मानव संसाधन व्यवस्थापन (Human Resource Management) | १७ |
| २.४.१ | प्रशासनिक संरचना र व्यवस्थापन (Administrative Structure and Management ) | १७ |
| २.४.२ | सङ्कायगत कार्यक्रम (Faculty Programme) | १८ |
| २.५ | संस्थागत व्यवस्थापन (Institutional Management) | १९ |
| २.५.१ | संस्थागत संरचना (Instututional Structure) | १९ |
| २.५.२ | सञ्चालक समिति (Management Committee) | १९ |
| २.५.३ | प्रशासन (Administration) | २० |
| २.५.४ | प्राज्ञिक व्यवस्थापन (Academic Management) | २१ |
| २.५.५ | संकायगत विद्यार्थी (Faculty-wise teacher & student data) | २१ |
| २.६ | आर्थिक तथा वित्तीय व्यवस्थापन (Economic and Financial Management) | २१ |
| २.६.१ | स्थिर सम्पति (Fixed Assets) | २१ |
| २.६.२ | आय व्यय विवरण (Income & Expenditure Trend) | २२ |
| २.६.३ | आम्दानीका स्रोतहरु (Sources of Income) | २२ |
| २.६.४ | प्रतिविद्यार्थी लागत (Cost Per Student) | २२ |
| २.६.५ | लेखा प्रणाली (Accounting System) | २२ |
| २.६.६ | आर्थिक दीगोपनाका लागि अवलम्वन गरिएका उपायहरु ( Measures Adopted for Finacial Sustainability) | २३ |
| २.७ | अनुसन्धान, अभिलेखीकरण र प्रकाशन (Research, Documentation and Publications) | २३ |
| २.८ | अतिरिक्त कियकलाप (Extra- Curricular Activities) | २३ |


## खण्ड-तीन

## विकास प्रबृत्ति (Development Trend)


| | | |
|---|---|---|
| ३.१ | भौतिक संरचनाको पूर्वाधार (Physical Infrastructure) | २५ |

३.२ कार्यक्रम/प्राज्ञिक विकासको प्रवृति (Program/Academic Development Trend) २६
३.३ विद्यार्थी भर्ना प्रवृत्ति (Student Enrollment Trend) २६
३.४ मानव संसाधन विकास (Human Resource Development) २७
३.५ शिक्षक विद्यार्थी अनुपात (Teacher Student Ratio) २८
३.६ संस्थागत विकास (Institutional Development) २८
३.७ आर्थिक तथा वित्तीय विकास (Economic and Financial Development) २९
३.८ अनुसन्धान, अभिलेखीकरण र प्रकाशन (Research, Documentation and Publications) २९
३.९ अतिरिक्त क्रियाकलाप विकास (Extra-curricular Development) २९

**खण्ड-8**

**संस्थागत अवस्था विश्लेषण (SWOT Analysis of Institution)**

४.१ सबल पक्षहरु (Strengths) ३१
४.२ कमजोरीहरु (Weaknesses) ३३
४.३ अवसरहरु (Opportunities) ३३
४.४ अवरोधहरु (Threats) ३४
४.५ संस्थागत विकासका लागि आधारभूत तथा मुख्य प्राथमिकता क्षेत्रहरु (Basis and Core Priorities for the Institutional Development) ३४

**खण्ड-पाँच**

**रणनीतिक योजना (Strategic Plan)**

५.१ परिकल्पना, ध्येय, लक्ष्य र उद्देश्यहरु (VMGO) ३५
५.२ आचारसहिंता (Code of conducts) ३७
५.३ रणनीतिक योजनाका प्रमुख क्षेत्रहरु (Major Areas of Strategic Plan) ३९
१ व्यवस्थापन तथा संस्थागत विकास (Instutional development & Management) ३९
२ शैक्षिक विकास (Educational Development) ४१
३ भौतिक पूर्वाधार विकास (Development of Physical Infrastructure) ४४
४ दीगो आर्थिक विकास (Sustainable Economic Development) ४५

| | | |
|---|---|---|
| ५ | अनुसन्धान, प्रकाशन अभिलेखीकरण तथा सूचना प्रविधि (Research, Publication, Documentation and Information Technology) | ४७ |
| ६ | लैङ्गिक संवेदनशीलता र समावेशीकरण (Gender Sensitiveness and Inclusiveness) | ४९ |
| ५.४ | अनुगमन तथा मूल्याङ्कन प्रणाली (Monitoring and Evaluation System): | ५० |
| ५.५ | पूर्वानुमान/सीमाहरु (Pre-assumptions/Limitations) | ५१ |

**खण्ड-६**

**स्रोत परिचालन (Resource Mobilization):**

| | | |
|---|---|---|
| ६.१ | सरोकारवालाहरुको मञ्च (Stakeholders Forum) | ५२ |
| ६.२ | प्रतिबद्धता र चासो (Commitment and Concern) | ५२ |
| ६.३ | कार्य सम्बन्ध (Networking) | ५२ |
| ६.४ | स्रोत परिचालनको खाका (Scheme for Resource Mobilization) | ५३ |

Annex

# खण्ड - एक
# *परिचय*
# *Introduction*

## १.१. पृष्ठभूमि (Introduction and Rational) :

देशको उच्चशिक्षाको शैक्षिक स्तर वृद्धि गर्न र क्याम्पसको संस्थागत क्षमता अभिवृद्धि गर्नको लागि UGC को SHEP तथा HERP कार्यक्रम सफलता पूर्वक संचालन गरी २०७६।०५।१५ गते QAA प्रमाण पत्र प्राप्त गरी सकेको यस क्याम्पसले हाल UGC द्वारा संचालित NEHEP कार्यक्रम अन्तर्गतका परियोजनाहरु संचालन गर्न प्रतिवद्धता जनाउदै वर्तमान परिप्रेक्षमा क्याम्पसका सरोकारवाला पक्षहरुको संलग्नतामा "क्याम्पसलाई दक्ष, सीपयुक्त तथा समर्पित मानव संसाधन उत्पादन गर्ने एक नमूना शिक्षण संस्था" को रुपमा स्थापित गर्ने दुरदृष्टी (Vision) राखी पञ्चवर्षिय रणनीतिक योजना २०२२-२०२७ ( २०७९-२०८४) तयार गरिएको छ ।

## १.२. योजनाका उद्देश्यहरू (Objectives of the Plan) :

१. स्थानीय स्रोत र साधनहरूको पहिचान र परिचालन गर्नु ।
२. विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त सहयोगको सदुपयोग गरी योजनाबद्ध कार्यक्रमहरू लागु गर्नु ।
३. सरोकारवाला पक्षको सक्रिय सहभागिता वृद्धि गरी अपनत्वको भावना जागृत गर्नु ।
४. क्याम्पसलाई उच्च शैक्षिक स्रोतकेन्द्र (Resource Centre) को रूपमा विकास गर्न आधार तयार गर्नु ।
५. वर्तमान भौतिक, शैक्षिक र व्यवस्थापकीय अवस्थामा सुधार र विकास गर्नु ।
६. कार्यसम्पादनमा कुशलता हासिल गरी जवाफदेहिता सुनिश्चित गर्नु ।
७. NEHEP कार्यक्रम अन्तर्गतका विभिन्न परियोजनाहरु संचालन गर्नु ।
८. समतामूलक समाज निर्माणका लागि समय सापेक्ष जनशक्ति उत्पादन गर्नु ।

## १.३. योजना निर्माण प्रक्रिया/ विधि (Process of Preparing the Plan):

यस क्याम्पसको रणनीतिक योजना २०१०-२०१४ र २०१५-२०२० अनुसार UGC संग सम्झौता भई क्रमशश: SHEP तथा HERP कार्यक्रम सफलता पूर्वक सम्पन्न भईसकेकोमा हाल UGC को NEHEP कार्यक्रमका लागि सरोकारवाला पक्षहरूको प्रत्यक्ष संलग्नतामा ३ दिने कार्यशाला-गोष्ठी संचालन गरी

क्याम्पसमा भएका पूर्व सञ्चालित कार्यक्रमहरूको पुनरावलोकन, अवस्थाको विश्लेषण, छलफल, अन्तरक्रिया, समूहगत कार्य प्रस्तुती, विषयगत र क्षेत्रगत कार्यको निचोड, ड्राफ्ट तयारी र सरोकारवाला पक्षहरू तथा विज्ञसमेतको छलफल एवम् सुझाव संकलन गरी यो पञ्चवर्षिय रणनीतिक योजना २०७९-२०८४ (Strategic Plan 2022-2027) लाई अन्तिम रूप दिने कार्य भएको छ ।

## १.४. सहभागीहरू (Participants) :

क) सञ्चालक समितिका पदाधिकारीहरू,
ख) सभाका सदस्यहरू,
ग) क्याम्पस प्रमुख ,
घ) सहायक क्याम्पसप्रमुखहरु ,
ङ) विभागीय प्रमुखहरु ,
च) स्नातकोत्तर कार्यक्रम संयोजक,
छ) प्राध्यापक संघका पदाधिकारीहरू,
ज) स्वतन्त्र विद्यार्थी युनियनका प्रतिनिधिहरू,
झ) स्थानीय संघ संस्थाका प्रतिनिधिहरू,
ञ) प्राध्यापक तथा कर्मचारीहरु ,
ट) विषय शिक्षण समितिका प्रतिनिधिहरू,
ठ) स्थानीय राजनीतिक दलका प्रतिनिधिहरू,
ड) विभिन्न विद्यार्थी संघ-संगठनका प्रतिनिधिहरू,
ढ) योजना सम्बन्धी विशेषज्ञहरू,
ण) अभिभावक तथा विद्यार्थीहरु ,
त) पूर्व विद्यार्थी तथा पत्रकारहरु ,
थ) नागरिक समाजका प्रतिनिधिहरु आदि ।

## १.५. सरोकारवालाहरू (Stakeholders) :

क्याम्पसको संस्थागत विकास गर्न प्रत्यक्ष र अप्रत्यक्ष ढङ्गले संलग्न व्यक्ति,संघ-संस्था र निकायहरू सरोकारवाला पक्षका रूपमा रहेका छन् । यस क्याम्पसको लागि विद्यार्थी, प्राध्यापक, कर्मचारी, सञ्चालक समिति, अभिभावक, समुदाय, राजनीतिक दलहरू, विभिन्न संघ संस्थाहरू, पत्रकार, त्रिभुवन विश्वविद्यालय, शिक्षण संस्थाहरू, विश्वविद्यालय अनुदान आयोग, राष्ट्रिय परीक्षा बोर्ड, प्रदेश सरकार, स्थानीय निकाय (गा.पा., न.पा., जि.स.स.), सहयोगी निकाय (दातृ संस्थाहरू), चन्दा दाता, जग्गा दाता, समाजसेवी, विभिन्न संघ संस्थाहरू र आसपासका विद्यालयहरूलाई सरोकारवाला पक्षका रूपमा लिइएको छ । रणनीतिक योजना तर्जुमा कार्यशालामा संलग्न सरोकारवाला पक्षका सहभागीहरूबीच समूह कार्य, प्रस्तुती र छलफल गरी सरोकारवालाहरूको अपेक्षा तथा रणनीतिहरू विश्लेषण गरी निर्धारण गरिएका छन ।

| क्र.सं. | सरोकारवाला | अपेक्षा | रणनीतिहरु |
|---|---|---|---|
| १. | क्याम्पस सभा | सम्वृद्ध क्याम्पसको विकास | चुस्तदुरुस्त संचालक समिति, निति नियम तर्जुमा र सकारात्मक सल्लाह सुझाव |
| २. | सञ्चालक समिति (व्यवस्थापन समिति) | व्यवस्थित एवं गुणात्मक शिक्षा | भौतिक, शैक्षिक, आर्थिक रुपले आत्म निर्भर तथा सुदृढ बनाउन आवश्यक कदम चाल्ने |
| ३. | प्राध्यापकहरु | गुणात्मक शिक्षा र उचित सेवा सुविधाहरु | गुणस्तरीय एवं अनुशासित शिक्षाको अध्यापन गरी समय सापेक्षको दक्ष |

| | | | |
|---|---|---|---|
| | | | जनशक्ति उत्पादन |
| ४. | विद्यार्थीहरु | सुलभ र गुणस्तरीय शिक्षा | शान्त तथा दैनिक रुपले पठनपाठन गर्ने |
| ५. | राजनीतिक दलहरु | गुणस्तरीय सर्वसुलभ शिक्षा संस्थागत विकास र नमूना क्याम्पस | आवश्यक स्रोत साधन जुटाउन पहल गर्ने |
| ६. | बुद्धिजीवीहरु | गुणस्तरीय शिक्षा | आवश्यक सल्लाह , सुझाव दिने |
| ७. | नगरपालिका /गाउँपालिका | दक्ष जनशक्ति विकास | आर्थिक सहयोग र उचित व्यवस्थापनमा जोड दिने |
| ८. | जि.स.स. | गुणस्तरीय शिक्षा एवं दक्ष जनशक्ति विकास | आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध |
| ९. | अभिभावकहरु | सुलभ गुणस्तरीय शिक्षा | दक्ष प्राध्यापकबाट प्राध्यापन गराउने |
| १०. | त्रि.वि. | निर्धारित नियम अनुसार दक्ष जनशक्ति उत्पादन | त्रि.वि. को मापदण्ड अनुसार शैक्षिक गतिविधि गर्ने गराउने |
| ११. | यु.जि.सी. (UGC) | शैक्षिक एवं भौतिक विकास गरी गुणस्तरीय शिक्षा प्रदान | शैक्षिक तथा भौतिक विकासका लागि आवश्यक आर्थिक सहयोग गर्ने |
| १२. | उद्योग वाणिज्य संघ | दक्ष जनशक्तिबाट व्यापारमा सहयोग | आर्थिक सहयोगका लागि स्रोत परिचालन गरी संस्थागत सम्बन्ध र समन्वय कायम गर्ने |
| १३. | शिक्षा मन्त्रालय | गुणस्तरीय उच्च शिक्षाको विकास | उच्च शिक्षाको लागि आवश्यक पहल गर्ने |
| १४. | राजदूतावासहरु | भौतिक तथा शैक्षिक विकास | राजदुतावासहरुसँग आर्थिक सहयोगको लागि पहल गर्ने |
| १५. | पत्रकार | पारदर्शी व्यवस्थापन र उचित शिक्षाको अवसर प्रदान | क्याम्पसको गतिविधिबारे प्रचारप्रसार गरिदिने |
| १६. | रा.प.बोर्ड | गुणस्तरीय शिक्षा | रा.प.बोर्डको मापदण्ड अनुसार शैक्षिक गतिविधि गर्ने गराउने |
| १७. | चन्दादाता , जग्गादाता | शान्त वातावरणमा स्तरीय शिक्षा | आर्थिक सहयोग प्राप्त गरी दाताहरुको सम्मान गर्ने |
| १८. | स्थानीय संघसंस्थाहरु | आवश्यक जनशक्तिको लागि विभिन्न सीपमूलक ज्ञान तथा समयानुकूल शिक्षा | समय-समयमा विभिन्न कार्यक्रम सञ्चालन गर्ने सहयोगको आदानप्रदान गर्ने |
| १९. | प्रदेश सरकार | दक्ष तथा गुणस्तरीय जनशक्ति उत्पादन | शैक्षिक तथा संरचनात्मक विकास |
| २०. | स्व.वि.यु. | सुलभ एवं गुणस्तरीय शिक्षा | नियमित पठनपाठन गराउन सहयोग लिने दिने |

## १.६. रणनीतिक योजनाका प्रमुख पक्षहरू (Components of the Strategic Plan) :

रणनीतिक योजना तयार गर्ने क्रममा सरोकारवालापक्षहरूको सहभागिता अनुसार क्याम्पसको परिकल्पना साकार बनाउन लक्ष्य, उद्देश्य, कार्यक्रम र रणनीतिहरूका बारेमा छलफल गरी निकाल्ने काम भएको छ । जसका लागि सरोकारवालापक्षहरूको प्रत्यक्ष सहभागितामा क्याम्पसको सफलता, गुनासाहरू, गर्न नसकेका कामहरू, गर्नुपर्ने कामहरू र विद्यमान अवस्थाको विश्लेषण गरियो । क्याम्पसको वर्तमान अवस्था र आगामी पाँच वर्ष भित्र गरिने योजनाको निर्माण गर्ने क्रममा सरोकारवालाहरूको विश्लेषण, क्याम्पसको विद्यमान अवस्थाको जानकारी, अवस्थाको विश्लेषण, परिवेशको विश्लेषण, VMGO (Vision, Mission, Goal and Objectives) निर्धारण र रणनीतिक योजनाका प्रमुख क्षेत्रहरूको क्षेत्रगत लक्ष्य, उद्देश्य, क्रियाकलाप, सूचक र रणनीति सम्बन्धी कार्ययोजनाहरू समावेश गरिएका छन् । क्याम्पसका लागि रणनीतिक योजनाका प्रमुख क्षेत्रहरूमा क्रमशः व्यवस्थापन तथा संस्थागत विकास, शैक्षिक विकास, भौतिक पूर्वाधार विकास, दीगो आर्थिक विकास, अनुसन्धान तथा प्रकाशन, अभिलेखीकरण तथा सूचना प्रविधि र लैङ्गिक संवेदनशीलता एवम् समावेशीकरणलाई  निर्धारण गरिएको छ ।

## १.७. रणनीतिक योजनाको मूल्य र मान्यता (Norms and Values of Strategic Plan) :

रणनीतिक योजना निर्माण गर्ने भनेको संस्थागत भविष्यको आवश्यकता, सम्भावना र चुनौतीहरूको लेखाजोखा गरी कार्यान्वयन तथा मूल्याङ्कनको मापदण्ड (Criteria) तयार पार्ने भएकाले यो आफैमा एउटा महत्वपूर्ण औजार हो । यसले भविष्यमा गरिने क्रियाकलाप (Activities) र त्रि.वि.को प्रक्रियालाई समेत दिशाबोध गर्दछ । सरोकारवालापक्षहरूबीचको प्रत्यक्ष संलग्नतामा निर्माण गरिएको हुनाले यसले सबैमा अपनत्व (Ownership), उत्तरदायित्वको भावना अभिवृद्धि गरी क्याम्पसको संस्थागत विकासमा टेवा पुऱ्याउँछ । सहजकर्ता, विषय विशेषज्ञ एवम् आबद्ध पक्षको सहभागितात्मक कार्यशैलीमा चरणबद्ध रूपमा योजना तयार गरिनु आफैमा महत्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ । यसले क्याम्पसलाई निम्न लिखित फाइदाहरू पुऱ्याउन सक्छन् :

क) क्याम्पसमा प्राप्त भएको स्रोत र साधनको उचित प्रयोग गराउँछ ,

ख) सरोकारवालापक्षहरूको स्वामित्व बढदछ ,

ग) कार्यक्रम कार्यान्वयनमा सरोकारवालापक्षहरूको सहभागितामा अभिवृद्धि गराउँछ ,

घ) गुणस्तरीय शिक्षा अभिवृद्धिका लागि सहयोग पुग्छ ,

ङ) संस्थाको भविष्यको बाटो स्पष्ट पार्न सहयोग पुग्दछ ,

च) प्राध्यापक तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिकालागि सहयोग पुऱ्याउँछ ,

छ) नियमित र निरन्तर रूपमा कार्यक्रम सञ्चालन गर्ने ढोका खुल्छ ,

ज) जिम्मेवार पक्षलाई निर्णय गर्नका लागि ठोस आधार तयार गर्दछ ,

झ) प्राथमिकता क्रम निर्धारण गर्न सहयोग पुग्छ ,

ञ) अन्तरसम्बन्धको विकास गरी अगाडि बढ्न सजिलो हुन्छ ,

ट) क्रमिक रूपमा समस्याको समाधान हुँदै जान्छ ,

ठ) संस्था सञ्चालन कार्यशैलीमा स्पष्टता आउँछ ,

ड) सहयोगी निकायसंग सम्बन्ध सुदृढ हुन्छ ,

ढ) UGC बाट प्राप्त अनुदान सहयोग कार्यान्वयनमा सहयोग पुग्दछ ,

ण) क्याम्पसको संस्थागत विकास र प्रभावकारी व्यवस्थापनको लागि विश्वासिलो दस्तावेजको रूपमा काम गर्दछ ,

त) आवधिक रुपमा सञ्चालन गरिने कार्यक्रम र रणनीतिहरुको तयारी हुन्छ ,

थ) क्याम्पसको संस्थागत विकासका लागि मार्गनिर्देशन दिन्छ ,

द) क्याम्पसको सम्बन्ध विस्तार गर्न र स्रोत संकलनको लागि सजिलो हुन्छ ,

ध) वातावरणीय परिवर्तन अनुसार समायोजित हुन सहयोग पुऱ्याउँछ ।

# खण्ड - दुई
# संस्थागत पार्श्वचित्र
# *Institutional Profile*

## २.१. सेवाक्षेत्रको समीक्षा (Overview of the Catchment Area) :

यस क्याम्पसको सेवा क्षेत्र (Catchment Area) प्रत्यक्ष रूपमा सिरहा, सप्तरी, उदयपुर, धनुषा, महोतरी, सिन्धुली, खोटाङ्ग र सुनसरी हुन् भने, अप्रत्यक्षरूपमा प्रदेश नम्बर १ र मधेश प्रदेशका अधिकांश जिल्लाहरू हुन् । यी क्षेत्रहरू लगायत अन्य क्षेत्रहरुबाट समेत उच्च शिक्षा हासिल गर्न विभिन्न तह र सङ्कायमा विद्यार्थीहरू आउने गरेका छन् ।

### २.१.१. भौगोलिक अवस्थिति (Geographical Scenario) :

विश्व प्रसिद्ध सर्वोच्च शिखर सगरमाथाको काखमा अवस्थित सिरहा, सप्तरी र उदयपुरको व्यापारिक संगम स्थल, ऐतिहासिक पर्यटकीय एवम् धार्मिक क्षेत्रको रुपमा परिचित, सिरहा जिल्लाको पूर्वोत्तर क्षेत्रमा रहेका लहान नगरपालिका वडा नं. १० अन्तर्गत आफ्नै जग्गामा यो जे.एस. मुरारका बहुमुखी क्याम्पस अवस्थित छ ।

### २.१.२. सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक स्थिति (Social, Cultural, Economic and Political Scenario):

क्याम्पस अवस्थित रहेको लहान नगरपालिका र छिमेकी न.पा./गा.पा. हरुमा विभिन्न जात-जाति, धर्म, संस्कृतिका मानिसहरूको मिश्रित बसोबास रहेको छ । यहाँ विविधतामा एकता कायम रहेको छ । त्यसैले यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूमा पनि सामाजिक रूपले विविधता रहेको छ । त्यसैगरी यस नगरपालिका तथा आसपासका क्षेत्रहरू तीव्रगतिमा विकसित भइरहेको हुँदा मधेश प्रदेशका विभिन्न जिल्लाबाट यहाँ बसाई सरेर आउने मानिसहरूको कारणले सामाजिक र साँस्कृतिक विविधता रहेको छ । यहाँका मानिसहरूको मुख्य पेशा व्यापार, कृषि, उद्योग, नोकरी तथा ज्यालामजदुरी आदि रहेको छ । यहाँ आर्थिक रूपले उच्च, मध्यम, निम्न मध्यम र निम्न वर्गका मानिसहरूको बसोवास रहेको छ । यस क्षेत्रमा विभिन्न राजनैतिक दलहरू क्रियाशील छन् । आपसी मेलमिलाप र समझदारीका आधारमा आर्थिक, सामाजिक, भौतिक, शैक्षिक तथा अन्य विकासात्मक कार्यमा सहकार्य गर्ने परम्परा र संस्कार नै यस क्षेत्रको विशिष्ट पहिचान हुन पुगेको छ ।

### २.१.३. शैक्षिक अवस्था र क्षेत्र (Educational Scenario and Scope):

यस भेगका उच्च शिक्षामा पहुँच हुन नसकेका, दलित, जनजाती, अपाङ्ग, मधेशी, आदिवासी तथा महिला वर्गलाई उच्च शिक्षामा पहुँच पुऱ्याउने उद्देश्य लिई स्थापित यस क्याम्पसले आफ्ना उद्देश्य अनुरुप सेवाग्राहीलाई मानविकी, शिक्षा, व्यवस्थापन, विज्ञान, संकायहरुमा +2 देखि स्नातकोत्तर तह सम्मको शिक्षा

प्रदान गर्दै आएको छ । यस भेगकै एक मात्र QAA प्रत्यायनकृत क्याम्पसको रुपमा परिचित यो क्याम्पसले यस भेगका विद्यालय, वित्तीय तथा अन्य संघ-संस्थाहरु र उच्च मा.वि.हरुमा दक्ष जनशक्तिको आपूर्तीमा महत्वपूर्ण योगदान पुऱ्याउदै आएको साथै यसले स्थानीय स्तरमा आवश्यक पर्ने जनशक्ति देखि लिएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गरी राष्ट्रको शैक्षिक आवश्यक्ता पुरा गर्ने कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउदै आएको छ ।

## २.१.४. सरोकारवाला र उनीहरूको सहभागिताको क्षेत्र (Stakeholders and Scope of their Participation) :

यस क्याम्पसका मुख्य सरोकारवाला भनेको क्याम्पस सभा, सञ्चालक समिति, प्राध्यापक, कर्मचारी, विद्यार्थी, अभिभावक, दाता, प्रदेश तथा स्थानिय निकाय र विभिन्न सामाजिक संघ-संस्थाहरू नै हुन् । यिनै सरोकारवालाहरूको संयुक्त सहकार्यमा यो क्याम्पस व्यवस्थित रूपले सञ्चालन हुँदै आएको छ । यस क्याम्पसको भावी प्रगति र विकास पनि यिनै सरोकारवालाहरूको आपसी सुझबुझ, समझदारी र सहकार्यले नै निश्चित गर्दछ । तसर्थ यसको शैक्षिक, प्राज्ञिक, भौतिक र अन्य विकासमा पनि सम्पूर्ण सरोकारवालाहरूको सहभागिता अपरिहार्य छ ।

यस रणनीतिक योजनाको परिमार्जनका लागि संचालित कार्याशाला गोष्ठीमा सहभागी सरोकारवालाहरूले क्याम्पसको विश्लेषण PESTAL (Political, Economic, Social, Technological and Legal) ANALYSIS ,समूह कार्य, प्रस्तुति र छलफल गरी निम्न आधारहरू प्रस्तुत गरेका छन् ।

## १. <u>Political Environment :</u>

क) राष्ट्रिय राजनीतिमा सम्बद्ध दलहरू क्रियाशील रहेको,

ख) सञ्चालक समितिको गठनमा राजनीतिक दलको पहुँच,

ग) विद्यार्थी संगठनहरूमा राजनीतिक दलहरूको प्रत्यक्ष प्रभाव,

घ) तरल राजनैतिक अस्थितरताबाट शिक्षा नीतिमा अस्पष्टता,

ङ) राजनैतिक दलहरूको बन्द हड्तालले पठनपाठनमा नकारात्मक प्रभाव,

च) सरकार परिवर्तनसँगै हुने शिक्षा प्रणालीमा परिवर्तन,

छ) विभिन्न संगठनहरुको कार्यक्रमले पठन-पाठनमा अवरोध,

ज) प्राध्यापक संघ/स्ववियू क्रियाशील ।

२. **Economic Environment :**

क) समुदायको न्यून आयस्तर,

ख) आन्तरिक स्रोत तथा दातृ निकायहरुको सहयोगबाट भौतिक निर्माण,

ग) स्थानीय निकाय तथा प्रदेश सरकारद्धारा नियमित रुपमा सहयोग नगरी पटके सहयोग,

घ) समाजलाई अप्रत्यक्ष आर्थिक लाभ : घरभाडा, भूमी मूल्य वृद्धि, भौतिक निर्माण, बजार विस्तार, आर्थिक कृयाकलापमा वृद्धि, रोजगारीका अवसर,

ङ) क्याम्पसको मास्टर प्लान अनुसार भूमी व्यवस्थापन तथा भौतिक संरचना व्यवस्थापन भईरहेको,

च) त्रिभुवन विश्वविद्यालय र दातृ निकायहरूसंग सम्बन्ध विस्तार भएको,

छ) दातृनिकायहरूसँग नियमित सहयोगको सञ्जाल विकास गर्न नसकेको,

ज) कार्यक्रम स्वीकृति दिने निकायहरूले आर्थिक भार लगाउने गरेको ,

झ) आर्थिक संकटसंग जुझिरहेको,

ञ) दिगो आर्थिक स्रोतका लागि क्याम्पसको बगैचा र पोखरीबाट नियमित रकम आएको ।

३. **Social Environment**

क) मिश्रित समाजः थारु, ब्राम्हण, क्षेत्री, दलित, मधेशी, मुस्लिम, जनजाती तथा सिमान्तकृत आदि

ख) छात्राहरूको बाहुल्यता,

ग) मैथिली, नेपाली र थारु  भाषाको प्रचलन रहेको,

घ) विद्यार्थीहरूलाई लैङ्गिक रुपमा पुरस्कृत र शुल्क छूट गर्न सफल,

ङ) समाजका सिमान्तकृत वर्गको आर्थिक पहुँचभित्र शैक्षिक कार्यक्रम सञ्चालित हुनु,

च) भौतिक तथा शैक्षिक क्षेत्रमा स्थानीय व्यक्तिहरूको जागरुकता,

छ) स्थानिय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मागअनुसारको दक्ष जनशक्ति उत्पादन गर्न सफल,

ज) स्थानीय मागअनुसार शैक्षिक कार्यक्रम दिन सफल,

झ) स्वच्छ सामाजिक सम्बन्ध कायम रहेको,

ञ) सामाजिक तथा साँस्कृतिक सामञ्जस्यता कायम गर्न सफल ।

४. **Legal Environment :**

क) संकाय तथा तहगत वृद्धिमा समस्या,

ख) बहुविश्वविद्यालय अवधारणा सम्वन्धी ऐन नियम तर्जुमा भएकोले भविष्यमा पूर्वाधार पूरा गरी यो क्याम्पस स्वयम् विश्वविद्यालय हुने सम्भावना,

ग) त्रि.वि.को पदाधिकारी नियुक्ति राजनीतिक आधारमा हुनु विडम्बना,

घ) पब्लिक विश्वविद्यालय सम्वन्धी अवधारणा ओझेलमा पर्न गएको हुँदा पब्लिक क्याम्पसहरुको भविष्य अन्योल ,

ङ) त्रि.वि.द्वारा पब्लिक सामुदायिक क्याम्पसबाट सेवा शुल्क, सम्बन्धन नविकरण लिने नियम लागु गरेको हुँदा सो नियम खारेज गर्नुपर्ने,

च) सरकारले निजी शैक्षिक संस्थामा पनि सिमान्तकृत, दलित, पिछडिएको वर्ग, जाती-जनजाती अपाङ्ग आदिलाई निःशुल्क शिक्षा प्रदान गर्ने कोटा निर्धारण सम्वन्धि नियम वनाएको छ, जुन प्रशंसनीय छ ।

## ५. <u>**Technological Environment :**</u>

क) कक्षाकोठालाई परम्परागतबाट आधुनिक तर्फ व्यवस्थापन गर्न अग्रसर रहेको,

ख) पठनपाठनमा उपयुक्त विधिको साथै विद्युतीय शैक्षिक सामग्री प्रयोग गरी प्रदर्शन तथा छलफल सहित पृष्ठपोषण तर्फ अग्रसर रहेको,

ग) प्रयोगात्मक विषयहरूका लागि उपयुक्त वातावरण र दक्षता भएतापनि पर्याप्त स्रोत साधनको अभाव,

घ) शिक्षक कर्मचारीलाई आधुनिक प्रविधिसँग समायोजन हुन क्याम्पसबाट व्यवस्थापन भएको,

ङ) कम्प्यूटर र प्राविधिक उपकरण प्रयोग गरी प्रशासनिक सेवा सुविधा द्रुत रुपमा प्रदान गरिरहेको,

च) शिक्षकहरूलाई प्रदान गर्नुपर्ने पुनर्ताजगी तथा स्तरवृद्धि सम्वन्धी कार्यक्रममा सहभागी गराई पठन पाठन कार्यमा सरिक गराईएको,

छ) परिवर्तित पाठ्यक्रमनुसार विद्यार्थीहरूलाई आवश्यकता अनुसार पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री उपलब्धता,

ज) पुस्तकालयको आधुनिक व्यवस्थापनका लागि आवश्यक प्रविधिको प्रयोग तथा E- Library को सुरुवात,

झ) समयानुकुल आधुनिक शिक्षण सामग्रीको व्यवस्था रहेको,

ञ) कक्षाकोठा र क्याम्पसको भौतिक संरचनाहरु लगायत अन्य गतिविधिहरु अनुगमनका लागि सि.सि.टी.भी. जडान गरेको,

ट) शिक्षक, विद्यार्थी लगायत सरोकारवालाहरु समक्ष सूचना आदान-प्रदानका लागि समाजिक संजाल तथा Website को प्रयोग ।

## २.२. संस्थाको विवरण (Description of the Institution) :

### २.२.१. ऐतिहासिक पृष्ठभूमी (Historical Background) :

कुनै पनि संघ-संस्थाको जन्म हुन त्यस ठाँउको आवश्यकता र चाहना एवं समयको माग अनुसार समाजसेवी, शिक्षाप्रेमी, सचेत नागरिक, चिन्तनशील व्यक्तित्वहरुको मन मष्तिकबाट संस्थाको स्वरुप भौतिक रुपमा देखा पर्दछ । मानव मात्रको आन्तरिक चेतना चक्षु खोल्ने एकमात्र अचूक साधन शिक्षाको यस क्षेत्रमा समुचित विकास र विस्तार गरी यस भेगका सम्पूर्ण बालबालिकाहरुलाई सहुलियत पूर्ण र गुणस्तरयुक्त शिक्षा प्रदान गर्ने पवित्र उद्देश्य र उच्च आकांक्षाबाट अभिप्रेरित भई स्थानीय राजनैतिक, समाजसेवी, बुद्धीजीवी, व्यापारी, किसान तथा सर्वसाधरण जनताको एकताबद्ध, प्रयास र सहयोगमा तत्कालिन नगर प्रमुख तथा प्रधानपञ्च श्री लगनलाल चौधरीज्यूको अध्यक्षतामा २०४४ साल ज्येष्ठ २३ गते ९ सदस्यीय कार्यकारिणी समिति गठन गरी 'लहान क्याम्पस' को नामबाट वि.सं. २०४४ साल असोज २२ गते यस क्याम्पसको विधिवत् शुरुवात भयो ।

प्रारम्भमा श्री पशुपति मा.वि. लहानको भवनमा सञ्चालन गरिएको यस क्याम्पसलाई न.पा.बाट १५-१६-०१ विगहा जग्गा प्राप्त भए पश्चात भवन निर्माणको लागि तत्कालीन सगरमाथा अञ्चलाधिश श्री सुर्यबहादुर सेन ओलीको प्रयासबाट श्री परमेश्वर मुरारका तथा श्री आत्माराम मुरारकालाई अनुरोध गरी निजहरुको सहयोगमा निजको दिवंगत मातापिता ज्वालाप्रसाद स्योवाई देवी मुरारका बहुमुखी क्याम्पस ( जे.एस.मुरारका बहुमुखी क्याम्पस) को रुपमा २०५०/११/०३ मा नामाकरण गरियो । मुरारका परिवारद्धारा निर्मित २२ कोठे २ तले पक्की भवनको तत्कालीन  युवराज दिपेन्द्र वीरविक्रम शाहदेवबाट २०५२।०८।२९ मा विधिवत समुद्घाटन भई प्रयोगमा आएको छ । २०४४ सालमा प्रमाण पत्र मानविकीबाट शुरु भएको यस क्याम्पसमा क्रमशः २०४७ सालमा स्नातक मानविकी , २०५४ सालमा स्नातक शिक्षा (३ वर्षे) , २०५९ सालमा स्नातक शिक्षा (१वर्षे) एवं २०६३ सालमा बि.बि.एस. र २०६५ सालमा एम.एड. (अंग्रेजी) कक्षा सञ्चालन भई सेवा प्रदान गर्दै आएकोमा समयानुकुल यस क्षेत्रको माग अनुसार क्याम्पसलाई प्राविधिक शिक्षा तर्फ अग्रसर गर्ने क्रममा २०६८ सालमा वि.एस्सी., २०७० सालमा एम.वि.एस. र एम.ए. समाजशास्त्र, २०७५ सालमा एम.एड. मा Curriculum र Health कार्यक्रम थप गरिएको छ ।

**विवरण :**

**१. क्याम्पसको स्थापना /स्वीकृति मिति :** २०४४ साल  श्रावण २२ गते

**२. क्याम्पस सञ्चालन मिति :**  २०४४ साल असोज २२ गते

### ३. सञ्चालन भइरहेका तह र सङ्कायहरू

| क्र.सं. | कार्यक्रम | सङ्काय | सम्बन्धन प्राप्त वर्ष | सम्बन्ध दिने संस्था |
|---|---|---|---|---|
| १ | प्रवीणता प्रमाणपत्र तह * | मानविकी | २०४४ | त्रि.वि. |
| २ | स्नातक तह | मानविकी | २०४७ | त्रि.वि. |
| ३ | स्नातक तह | शिक्षाशास्त्र | २०५४ | त्रि.वि. |
| ४ | स्नातक तह (१ वर्षे ) | शिक्षाशास्त्र | २०५९ | त्रि.वि. |
| ५ | स्नातकोत्तर तह | शिक्षाशास्त्र (English, Curriculum, Health), | २०६५ | त्रि.वि. |
| ६ | स्नातक तह | व्यवस्थापन | २०६३ | त्रि.वि. |
| ७ | स्नातक तह | विज्ञान तथा प्रविधि | २०६८ | त्रि.वि. |
| ८ | स्नातकोत्तर तह | व्यवस्थापन (एम.वि.एस.) | २०७० | त्रि.वि. |
| ९ | स्नातकोत्तर तह | मानविकी (समाजशास्त्र) | २०७० | त्रि.वि. |
| १० | + २ | व्यवस्थापन | २०४९ | रा.प.बोर्ड |
| ११ | + २ | शिक्षा | २०५० | रा.प.बोर्ड |
| १२ | + २ | विज्ञान | २०६७ | रा.प.बोर्ड |
| १३ | + २ | मानविकी | २०६७ | रा.प.बोर्ड |

* हाल त्रि.वि.द्वारा कार्यक्रम बन्द गरिएको ।

### २.२.२. भौतिक पूर्वाधार विकास (Physical Infrastructure) :

यस क्याम्पसले निम्नानुसारको भौतिक पूर्वाधार तयार गरेको छ ।

**भौतिक सम्पत्ति विवरण :**

| क्र.सं. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | शिक्षण भवन (कक्षा कोठा) | ३७ | |
| २ | शिक्षण भवनअन्तर्गत रहेको स्टाफ शौचालय | ३ | |
| ३ | शिक्षण भवनमा जोडिएको छात्र शौचालय | ७ | |
| ४ | शिक्षण भवनमा जोडिएको छात्रा शौचालय | ७ | |
| ५ | पुस्तकालय भवन | १ | |
| ६ | मन्दिर | १ | |
| ७ | प्रयोगशाला | ६ | |
| ८ | जग्गा | १५- १६-०१ विगाहा | |

| | | | |
|---|---|---|---|
| ९ | पाठ्यपुस्तक | २१,९९३ थान | |
| १० | टेलिफोन सेट | २ थान | |
| ११ | खानेपानी ट्यांकी (पक्की+प्लाष्टिक) | ६ | |
| १२ | इन्भर्टर | २ थान | |
| १३ | पानी तान्ने मोटर | ४ थान | |
| १४ | भित्ते घडी | ९ थान | |
| १५ | क्यालकुलेटर | ४ थान | |
| १६ | साइकल + मोटरसाइकल | २ +२ थान | |
| १७ | वाटर फिल्टर | २ थान | |
| १८ | काठको दराज / स्टिल दराज | ५१ | |
| १९ | र्‍याक | १६ | |
| २० | सोफा सेट | ४ | |
| २१ | White Board | ३२ | |
| २२ | गार्ड रुम | १ | |
| २३ | पंखा | ९० | |
| २४ | जोइन्ट डेक्स ब्रेञ्च | ५११ | |
| २५ | टेबुल | ५२ | |
| २६ | पित्तल घण्टी | १ | |
| २७ | कुर्सी | ३४० | |
| २८ | काठको स्ट्याण्ड | १७ | |
| २९ | सूचना बोर्ड | २ | |
| ३० | टि टेबल | ४ | |
| ३१ | कम्प्यूटर | ६३ | |
| ३२ | प्रिन्टर | १४ | |
| ३३ | फोटोकपी मेशिन | २ | |
| ३४ | फ्याक्स मेशिन | १ | |
| ३५ | विद्युतिय हाजिरी मेशिन | १ | |
| ३६ | ग्रास कटर मेशिन | २ | |

| | | | |
|---|---|---|---|
| ३७ | डिजिटल क्यामरा | २ | |
| ३८ | ल्यापटप | ४२ | |
| ३९ | प्रोजेक्टर मेशिन | ३४ | |
| ४० | विज्ञान प्रयोग सामग्री | आवश्यकता अनुसार | |
| ४१ | साउण्ड सिस्टम | ३ सेट | |
| ४२ | लेक्चर टेवल | २७ | |
| ४३ | राउण्ड टेवल | ४ सेट | |
| ४४ | फलाटिन बोर्ड | १० | |
| ४५ | सूचना बोर्ड | ४ | |
| ४६ | ह्याण्ड पाइप | ५ | |
| ४७ | पम्पिङ्ग सेट | १ | |
| ४८ | बोर्डिङ्ग | ३ | |
| ४९ | जेनेरेटर १५ के.बी. | १ | |
| ५० | ग्यास सिलिन्डर / चुल्हो | ३/२ | |
| ५१ | सचिवालय भवन | १ | |
| ५२ | छात्र /छात्रा कमन रुम | १/१ | |
| ५३ | साइकल स्टेण्ड | १ | |
| ५४ | स्ववियू भवन | १ | |
| ५४ | रजत स्मारक स्तम्भ | १ | |
| ५५ | प्राथमिक उपचार कक्ष | १ | |
| ५६ | जेनरेटर कक्ष | १ | |
| ५७ | सोलार सेट | १ | |
| ५८ | विज्ञान प्रयोगशाला भवन | १ | |
| ५९ | सेमिनार हल | १ | |
| ६० | बस | २ | |
| ६१ | स्वच्छ खानेपानी भवन | २ | |
| ६२ | सि.सि. क्यामरा | २० | |

## २.३ शैक्षिक कार्यक्रम तथा क्रियाकलाप व्यवस्थापन (Academic Programmes and Curricular Management) :

यस क्याम्पसमा हालसम्म निम्नानुसार शैक्षिक कार्यक्रमहरू र क्रियाकलापहरू सञ्चालन गरिएका छन् :

### २.३.१ विद्यार्थी तथा कार्यक्रम विवरण २०७८ (Programmes and Student Enrollement and Composition) :

| क. स. | कार्यक्रम (Programme) | विद्यार्थी भर्ना (Students Enrollment) | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | तह | छात्र | छात्रा | जम्मा | |
| १ | +२ व्यवस्थापन | कक्षा ११ | २९० | २५८ | ५४८ | |
| | | कक्षा १२ | ३४३ | २५३ | ५९६ | |
| २ | +२ शिक्षा | कक्षा ११ | ३२ | ७० | १०२ | |
| | | कक्षा १२ | ५९ | १०९ | १६८ | |
| ३ | +२ मानविकी | कक्षा ११ | १ | - | १ | |
| | | कक्षा १२ | ७ | १ | ८ | |
| ४ | +२ विज्ञान | कक्षा ११ | ८५ | ३३ | ११८ | |
| | | कक्षा १२ | ८२ | ३४ | ११६ | |
| ५ | स्नातक शिक्षाशास्त्र | प्रथम वर्ष | ८६ | २४२ | ३२८ | |
| | | दोस्रो वर्ष | ३९ | १२४ | १६३ | |
| | | तेस्रो वर्ष | ३८ | ११० | १४८ | |
| | | चौथो वर्ष | ४५ | ६४ | १०९ | |
| ६ | स्नातक शिक्षाशास्त्र १ वर्षे | १ वर्षे | - | - | - | |
| ७ | स्नातक व्यवस्थापन | प्रथम वर्ष | १९६ | २४८ | ४४४ | |
| | | दोस्रो वर्ष | १२६ | ११५ | २४१ | |
| | | तेस्रो वर्ष | ६९ | ६८ | १३७ | |
| | | चौथो वर्ष | ६८ | ७६ | १४४ | |
| ८ | स्नातक मानविकी | प्रथम वर्ष | १३ | १ | १४ | |
| | | दोस्रो वर्ष | १६ | ४ | २० | |
| | | तेस्रो वर्ष | १६ | ३ | १९ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | चौथो वर्ष | - | - | - | |
| ९ | स्नातक विज्ञान | प्रथम वर्ष | १३ | ७ | २० | |
| | | दोस्रो वर्ष | २७ | ११ | ३८ | |
| | | तेस्रो वर्ष | ३४ | १३ | ४७ | |
| | | चौथो वर्ष | ३४ | १३ | ४७ | |
| १० | स्नातकोत्तर शिक्षाशास्त्र | प्रथम सत्र | | | | |
| | | दोस्रो सत्र | ११ | १० | २१ | |
| | | तेस्रो सत्र | | | | |
| | | चौथो सत्र | ५ | ५ | १० | |
| ११ | स्नातकोत्तर व्यवस्थापन एम.वि.एस. | प्रथम सत्र | | | | |
| | | दोस्रो सत्र | २५ | १९ | ४४ | |
| | | तेस्रो सत्र | | | | |
| | | चौथो सत्र | ४ | ७ | ११ | |
| १२ | स्नातकोत्तर मानविकी समाजशास्त्र | प्रथम सत्र | | | | |
| | | दोस्रो सत्र | २३ | १४ | ३७ | |
| | | तेस्रो सत्र | | | | |
| | | चौथो सत्र | १४ | ११ | २५ | |
| **जम्मा** | | | **१८०१** | **१९२३** | **३७२४** | |

### २.३.२ शिक्षण सिकाइ व्यवस्थापन र सहयोग (Teaching-Learning Management and Support):

क्याम्पसले आफ्नै स्रोतमा प्रतियोगितात्मक सांस्कृतिक, साहित्यिक गोष्ठी, खेलकुद, हाजिरी जवाफ, आदिको व्यवस्था गर्दै आएको छ । यस्ता कार्यक्रमहरू क्याम्पसको वार्षिक कार्यक्रम अन्तर्गत राखी सञ्चालन गर्ने गरिएको छ । यसका लागि खेलकुद र अतिरिक्त क्रियाकलाप समितिको गठन गरिएको छ । सामुदायिक क्रियाकलापहरूमा क्याम्पसको तर्फवाट भाग लिने र विद्यार्थीहरूलाई समेत त्यस्ता क्रियाकलापहरूमा समावेश गर्ने र आयोजना गर्ने अवसर प्रदान गर्ने गरिएको छ । स्ववियुको नेतृत्वमा पनि विभिन्न कार्यक्रमहरु सञ्चालन हुने गरेका छन् ।

### २.३.३ शिक्षण सिकाइ व्यवस्थापन र अभ्यास (Teaching-Learning Management and Practice):

कक्षा शिक्षण, विषयगत शिक्षण, प्रयोगात्मक कक्षा सञ्चालन आदिलाई दैनिक कार्यतालिकाभित्र समावेश गरी सञ्चालन गर्ने गरिएको छ । शिक्षण सिकाइ कार्यलाई व्यवस्थित गर्न विभागहरू र विषय शिक्षण समितिको गठन गरी कार्य सम्पादनको अनुगमन, निरीक्षण र मूल्याङ्कन गर्ने गरिएको छ । क्याम्पसमा बिहानी, दिवा र बेलुकी गरी तीनवटै सिफ्टमा संचालित कार्यक्रमलाई व्यवस्थित गर्न सहायक क्याम्पस प्रमुख र स्नातकोत्तर कार्यक्रम संयोजक (Programme Co-ordinator), विभागीय प्रमुख तथा +२ कार्यक्रम संयोजकको व्यवस्था गरी शिक्षण–सिकाइ कार्यमा व्यवस्थापकीय पहुँच बढाउने प्रयत्न गरिएको छ ।

### २.३.४ शिक्षण सिकाइ स्रोतहरू र सहयोग (Teaching-Learning Resources and Support):

शिक्षण सिकाइलाई प्रभावकारी बनाउन भारतीय राजदूताबासको सहयोगमा निर्मित एस.राधाकृष्णन पुस्तकालय भवनमा विभिन्न विषयगत पाठ्यपुस्तकहरू, अनुसन्धानात्मक कृति, जर्नलहरू र सन्दर्भ सामग्रीहरूको खरीद, सङ्कलन गरी पुस्तकालय र वाचनालयलाई व्यवस्थित गर्ने प्रयत्न गरिनुको साथै पुस्तकालयलाई थप व्यवस्थित बनाउनका लागि E-Library को समेत स्थापना गरी संचालनमा ल्याइएको छ ।

शिक्षण सिकाई क्रियाकलापलाई अझ प्रभावकारी बनाउन त्रि.वि.का साथै अन्य क्षेत्रबाट समेत विज्ञ प्राध्यापकहरू आमन्त्रित गरी थप पथ प्रदर्शनका लागि कार्यक्रम संचालन गर्ने गरिएको छ । भावी दिनमा क्याम्पसले उच्च शिक्षा अध्ययन, अनुसन्धान र शोध कार्यमा आफूलाई मधेश प्रदेशकै अग्रणी क्याम्पसको रुपमा स्थापित हुन एउटा अनुसन्धान व्यवस्थापन सेल (Research Management Cell) को स्थापना गरिएको छ ।

## २.३.५. परीक्षा प्रणाली र नतिजा (Examination System and Result) :

यस क्याम्पसले त्रि.वि. तथा रा.प.बोर्डद्वारा सञ्चालन हुने वार्षिक परीक्षाहरू मर्यादित र व्यवस्थितरूपमा सञ्चालन गर्दै आएको छ । क्याम्पसले भर्नाका लागि +२, स्नातक तथा स्नातकोत्तर तहमा प्रवेश परीक्षा लिने व्यवस्था गरेको छ । यसका साथै क्याम्पसको बार्षिक कार्यतालिका अनुसार सबै कक्षाहरूमा आन्तरिक परीक्षा सञ्चालन गरी समयमा नै नतिजा प्रकाशन गर्ने र विद्यार्थीहरूलाई पृष्ठपोषण दिने व्यवस्था गरिएको छ । यी परीक्षाहरू व्यवस्थितरूपले सञ्चालन गर्न आन्तरिक परीक्षा समितिको व्यवस्था गरिएको छ ।

**त्रि.वि. तथा रा.प.बोर्ड द्वारा सञ्चालित संकायगत / तहगत नियमित विद्यार्थीहरूको नतिजा :**

| क.स. | कार्यक्रम | तह/ कक्षा | २०७७ | | २०७८ | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | सम्मिलित विद्यार्थी संख्या | उत्तीर्ण संख्या | सम्मिलित विद्यार्थी संख्या | उत्तीर्ण संख्या | |
| १ | व्यवस्थापन | +२ | ९४६ | ४९६ | १००४ | ४९२ | |
| २ | शिक्षा | +२ | ४०२ | २१२ | २७० | १०८ | |
| ३ | विज्ञान | +२ | १९५ | ९८ | २३४ | ११६ | |
| ४ | मानविकी | +२ | १८ | ६ | ९ | ६ | |
| ५ | शिक्षाशास्त्र | स्नातक | ५८४ | ९० | ७४८ | Result Not Publish | |
| ६ | शिक्षाशास्त्र १ वर्षे | स्नातक | - | - | - | - | |
| ७ | व्यवस्थापन | स्नातक | ६८० | ११० | ९६६ | Result Not Publish | |
| ८ | विज्ञान | स्नातक | १५८ | ६८ | १५२ | | |
| ९ | मानविकी | स्नातक | ४७ | १२ | ५३ | | |
| १० | शिक्षाशास्त्र (अंग्रेजी) | स्नातकोत्तर | २० | ४४ | | | |
| ११ | मानविकी (समाजशास्त्र) | स्नातकोत्तर | ५० | - | | | |
| १२ | व्यवस्थापन (एम.वि.एस.) | स्नातकोत्तर | ४२ | - | | | |

**स्नातक तथा स्नातकोत्तर तहगत उतीण विद्यार्थी विवरण (Graduate and Post-Graduate Data) :**

| क्र. सं. | कार्यक्रम | तह/कक्षा | २०७६ | | | २०७७ | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | उतीर्ण संख्य | छात्र | छात्रा | उतीर्ण संख्य | |
| १ | शिक्षाशास्त्र | स्नातक | १० | १५ | २५ | २४ | २८ | ५२ | |
| २ | शिक्षाशास्त्र १ वर्षे | स्नातक | - | - | - | - | - | - | |
| ३ | व्यवस्थापन | स्नातक | - | ६ | ६ | ३१ | ३२ | ६३ | |
| ४ | विज्ञान | स्नातक | २ | ६ | ८ | ३५ | १० | ४५ | |
| ५ | मानविकी | स्नातक | २ | ३ | ५ | ३ | २ | ५ | |
| ६ | शिक्षाशास्त्र | स्नातकोत्तर | २ | - | २ | - | - | - | |
| ७ | मानविकी (समाजशास्त्र) | स्नातकोत्तर | १६ | १२ | २८ | - | - | - | |
| ८ | व्यवस्थापन (एम.वि.एस.) | स्नातकोत्तर | १३ | ६ | १९ | - | - | - | |

नोट : २०७७ सालको स्नातकोत्तर तहको नतिजा आउन बाँकी

## २.४. मानव संसाधन व्यवस्थापन (Human Resource Management) :

क्याम्पसको शैक्षिक कार्यक्रमलाई व्यवस्थित गर्न क्याम्पसमा सञ्चालित कार्यक्रम र विद्यार्थी एवम् विषयगत अध्यापनको साथै प्रशासनिक व्यवस्थाको लागि क्याम्पस प्रमुखको नेतृत्वमा निम्न प्रशासनिक व्यवस्था कायम गरिएको छ ।

### २.४.१. प्रशासनिक संरचना र व्यस्थापन (Administrative Structure and Management) :



### २.४.२. सङ्कायगत कार्यक्रम (Faculty Programme) :

| क्र.स. | सङ्काय | तह | समय तालिका | कैफियत |
|---|---|---|---|---|
| १ | शिक्षाशास्त्र | स्नातक | बिहानी सत्र | |
| २ | शिक्षाशास्त्र | स्नातक १ वर्षे | बिहानी सत्र | |
| ३ | मानविकी | स्नातक | बिहानी सत्र | |
| ४ | व्यवस्थापन | स्नातक | बिहानी सत्र | |
| ५ | विज्ञान तथा प्रविधि | स्नातक | बिहानी सत्र | |
| ६ | शिक्षाशास्त्र | स्नातकोत्तर | बेलुकी सत्र | |
| ७ | व्यवस्थापन | स्नातकोत्तर | बेलुकी सत्र | |
| ८ | मानविकी | स्नातकोत्तर | बेलुकी सत्र | |
| ९ | शिक्षाशास्त्र | +२ | दिवा सत्र | |
| १० | व्यवस्थापन | +२ | दिवा सत्र | |
| ११ | विज्ञान | +२ | दिवा सत्र | |
| १२ | मानविकी | +२ | दिवा सत्र | |

२.५. संस्थागत व्यवस्थापन (Institutional Management) :

२.५.१. संस्थागत संरचना (Instututional Structure) :



### २.५.२. सञ्चालक समिति (Management Committee) :

| क्र.सं. | नामथर | पद |
|---|---|---|
| १ | श्री मुरारी लाल मुरारका | मानार्थ अध्यक्ष |
| २ | श्री रामसुन्दर चौधरी | कार्यकारी अध्यक्ष |
| ३ | व्यवस्थापिका संसद सदस्य, सिरहा क्षेत्र नं. १ | पदेन सदस्य |
| ४ | श्री लगनलाल चौधरी (संस्थापक अध्यक्ष एवं प्रदेश सभासदस्य) | पदेन सदस्य |
| ५ | श्री महेश प्रसाद चौधरी, न.पा.प्रमुख लहान | पदेन सदस्य |
| ६ | श्री इलाका प्रशासन कार्यालय लहान, प्रमुख | पदेन सदस्य |
| ७ | श्री विकास शारडा (उ.वा.संघ, अध्यक्ष ) | पदेन सदस्य |
| ८ | श्री सुभाष मुरारका | सदस्य |
| ९ | श्री प्रदिप मुरारका | सदस्य |
| १० | श्री राज कुमार साह (ने.क.पा.एमाले प्रतिनिधि) | सदस्य |
| ११ | श्री सितल प्रसाद चौधरी (ने.का.प्रतिनिधि) | सदस्य |
| १२ | श्री राकेश झा (लो.स.पा.प्रतिनिधि) | सदस्य |
| १३ | श्री दिनेश कुमार महतो (ज.स.पा प्रतिनिधि) | सदस्य |
| १४ | श्री हेमन्त कुमार यादव (ने.क.पा. माओवादी प्रतिनिधि) | सदस्य |
| १५ | श्री सचिदानन्द चौधरी (संचालक समितिद्वारा मनोनित) | सदस्य |
| १६ | श्री देवनाथ यादव (संचालक समितिद्वारा मनोनित) | सदस्य |
| १७ | श्री जिवछ यादव (संचालक समितिद्वारा मनोनित) | सदस्य |
| १८ | श्री मन्टी मंडल, वडा अध्यक्ष लहान -१० | पदेन सदस्य |
| १९ | श्री मोद नारायण झा (त्रि.वि.प्रतिनिधि) | पदेन सदस्य |
| २० | श्री कुमार कमलेन्द्रम | पदेन सदस्य |
| २१ | श्री स्ववियु सभापति | पदेन सदस्य |
| २२ | श्री संजय कुमार चौधरी, नि.क्याम्पस प्रमुख | सदस्य सचिव |

### २.५.३. प्रशासन (Administration) :

क्याम्पसको विधान २०७५ अनुसार क्याम्पस प्रमुखको नियुक्ति सञ्चालक समितिद्वारा गरिन्छ । सञ्चालक समितिबाट नियम-विनियम अनुसार सेवा आयोगको गठन गरी खुल्ला प्रतिस्पर्धाद्वारा प्राध्यापक तथा कर्मचारीहरूको नियुक्ति गर्ने गरिएको छ । प्राध्यापक तथा कर्मचारीहरूको सेवा शर्तहरू नियम-विनियममा उल्लेख भए अनुसार व्यवस्था गरिएको छ ।

प्रशासनिक इकाईलाई सुदृढिकरण गर्न संकाय, विभाग र शिक्षण समितिहरूको गठन गरिएको छ । अभ्यास शिक्षण र शोध कार्यलाई व्यवस्थित गर्न अभ्यास शिक्षण समिति र शोध समिति (Thesis Committee) को गठन गरिएको छ । साथै क्याम्पसको सूचना प्रणलीलाई व्यवस्थित गर्न EMIS Cell, अनुसन्धान

कार्यलाई व्यवस्थित गर्न Research Management Cell तथा गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि IQAC गठन गरी माथि उल्लेखित एकाईहरुको संयोजनबाट जे.एस.मुरारका बहुमुखी क्याम्पसको प्रशासनलाई चुस्त, दुरुस्त बनाउने प्रयत्न गरिएको छ ।

### २.५.४. प्राज्ञिक व्यवस्थापन (Academic Management) :

| क.स. | विवरण | जम्मा | पुरूष | महिला | EDJ | दलित | मधेशी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्राध्यापक दरबन्दी पूर्णकालीन | २२ | २१ | १ | १६ | – | ४ | |
| २ | प्राध्यापक दरबन्दी करार | ७ | ५ | २ | ४ | – | २ | |
| ३ | प्राध्यापक दरबन्दी आंशिक | २७ | २३ | ४ | १९ | १ | ७ | |
| **कुल जम्मा** | | **५६** | **४९** | **७** | **३९** | **१** | **१३** | |

### २.५.५. संकायगत प्राध्यापक तथा विद्यार्थी विवरण (Faculty-wise Teacher & Student Data) :

| क्र.स. | संकाय | शिक्षक संख्या | विद्यार्थी संख्या |
|---|---|---|---|
| १ | शिक्षाशास्त्र | १९ | ७७९ |
| २ | व्यवस्थापन | १३ | १०२१ |
| ३ | मानविकी | १० | ११५ |
| ४ | विज्ञान | १४ | १५२ |
| **जम्मा** | | **५६** | # २०६७ |

# स्नातक र स्नातकोत्तर तहका जम्मा विद्यार्थी संख्या

## २.६. आर्थिक तथा वित्तिय व्यवस्थापन (Economic and Financial Management):

### २.६.१. स्थिर सम्पति (Fixed Assets) :

क. जग्गा
ख. भवन
ग. फर्निचर
घ. कार्यालय उपकरण
ङ. सवारी साधन
च. पुस्तक
छ. विद्युत तथा पानी व्यवस्था
ज. विद्युतीय उपकरण
झ. विज्ञान प्रयोगशाला सामग्री
ञ. बैङ्क मौजदात (मुद्दती)
ट. बगैंचा तथा पोखरी
ठ. विविध सम्पति

### २.६.२. आय व्यय विवरण (Income and Expenditure Trend) :

| क्र.सं. | आर्थिक वर्ष | आय | व्यय | | बाँकी मौज्दात (बचत) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | संचालन | पूँजीगत | | |
| १ | २०७६/०७७ | ५,६२,१९,३४४/९३ | ३,२५,००,४३७/०९ | २,३६,१०,८२६/९४ | १,०८,०८०/९० | |
| २ | २०७७/०७८ | ५,४५,३५,१२९/८४ | ३,८७,०८,९१८/७३ | ८,०४,३२४/३० | १,५०,२१,८८६/८० | |
| ३ | २०७८/०७९ | ६,७७,८३,३२४/३९ | ५,००,१४,३६८/८२ | १,४२,८०,५७८/९७ | ३४,८८,३७६/६० | |

नोट : आय तथा व्ययका शीर्षक अनुसारको विवरण अनुसूचीमा समावेश गरिएको छ ।

### २.६.३ आम्दानीका स्रोतहरु (Sources of Income ) :

क्याम्पसका आम्दानीका स्रोतहरु निम्नानुसार रहेका छन् :

- विद्यार्थीबाट प्राप्त शुल्क
- विविध शुल्क तथा अन्य आय
- बैंकबाट प्राप्त हुने व्याज
- बगैंचा तथा पोखरी
- विश्व विद्यालय अनुदान आयोगबाट प्राप्त अनुदान
- प्रदेश तथा स्थानिय सरकाबाट प्राप्त अनुदान

### २.६.४ प्रतिविद्यार्थी लागत ( Per student Cost ) :

आर्थिक वर्ष २०७८/०७९ को कूल संचालन खर्च र त्यस सालको विद्यार्थी संख्या २०७८ को आधारमा प्रति विद्यार्थी लागत रु १३४३०/२८ पर्न गएको छ ।

### २.६.५ लेखा प्रणाली ( Accounting System ) :

आन्तरिक तथा बाह्य रुपमा लेखा परीक्षण नियमित रुपमा हुनको साथै लेखा शाखाद्वारा कम्प्युटर प्रणालीमा आयव्यय अभिलेखीकरण गरी दुरुस्त राख्ने काम भएको छ ।

### २.६.६ आर्थिक दीगोपनका लागि अवलम्वन गरिएका उपायहरु (Measures Adopted for Financial Sustainability)

क्याम्पसको आर्थिक दीगोपनका लागि क्याम्पस सभा, सञ्चालक समिति, प्राध्यापक, समाजसेवी, कर्मचारी, विद्यार्थी आदि सवै पक्षसँग अन्तरक्रिया र गोष्ठी गरी सञ्चालक समितिले कोष अभिवृद्धि नीति तयार पारी सोको कार्यान्वयनको लागि कोष अभिवृद्धि एकाई, प्रचार प्रसार एकाई गठन गरी कोष अभिवृद्धिका लागि प्रचार प्रसार गर्ने, सेमिनारहरु सञ्चालन गर्ने, विद्यार्थी भर्नादर वृद्धिका लागि रेडियो,

टेलिभिजन, प्रेस मिडिया, समाजिक संजाल मार्फत् विज्ञापन गर्ने, जनसम्पर्क वृद्धि गर्ने र स्थानीय तथा प्रदेश सरकार, सामाजिक संघसंस्था, व्यापारिक संगठनसँग अन्तरक्रिया र परामर्शका साथै सम्वन्ध विस्तार गरी नियमित रुपमा आयश्रोतको व्यवस्थापन गर्ने जस्ता महत्वपूर्ण अभ्यासहरु हुँदै आएका छन् । जग्गाको उचित प्रयोग तथा आम्दानी वृद्धिका लागि माछापालन गर्न लगभग ४ विगहा जग्गामा ७ ओटा पोखरी निर्माण र ५ विगहा जग्गामा आँप, कागती तथा अन्य जातका विरुवाहरुको बगैंचा लगाई क्याम्पसको दिगो आर्थिक विकास कार्यको आधार खडा गरिएको छ ।

## २.७ अनुसन्धान, अभिलेखीकरण र प्रकाशन (Research , Documentation and Publication)

अनुसन्धान, अभिलेखीकरण र प्रकाशनको पाटोलाई मजबुत बनाउनका लागि यस क्याम्पसले पुस्तकालयलाई व्यवस्थित गर्दै, शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली (EMIS) शाखाको गठन अनुसन्धान व्यवस्थापन सेल (RMC) को गठन, अनुसन्धानकक्षको व्यवस्था गरी अनुसन्धान गर्न र गराउन प्राध्यापक तथा विद्यार्थीहरुलाई उत्प्रेरित गर्दै आएको छ । क्याम्पसको मुखपत्र प्रकाशन गर्ने, जर्नल प्रकाशन गर्ने अनुसन्धनात्मक तालिममा सहभागी, वार्षिक कार्ययोजना निर्माण तथा कार्यान्वयन, कम्प्यूटर प्रविधि उपयोग गरी अभिलेखीकरण, आन्तरिक र वाह्य लेखा परीक्षणको व्यवस्था, सामाजिक परीक्षण सञ्चालन जस्ता कदमहरु चाल्दै अघि बढिरहेको छ ।

## २.८ अतिरिक्त कियाकलाप (Extra-curricular Activities) :

यस क्याम्पसले पठन-पाठनको साथै विद्यार्थीहरुको शारीरिक र मानसिक विकासका लागि वर्षेनी क्याम्पसको कार्यतालिका अनुसार खेलकुद तथा अतिरिक्त क्रियाकलापहरू संचालन गर्दै आइरहेका छन् । यी कार्यक्रमहरु संचालनका लागि क्याम्पसले प्राध्यापक, कर्मचारी, स्वतन्त्र विद्यार्थी युनियन र विद्यार्थी सङ्घ सङगठनका प्रतिनिधिहरूलाई सहभागी गराउनुको साथै विद्यार्थीहरुलाई प्रोत्साहित गर्न पुरस्कार, प्रशंसापत्र, कदरपत्रसमेत प्रदान गर्ने गरेको छ । उक्त कार्यक्रमहरू निम्नअनुसार सञ्चालन गर्ने/ गराउने कार्य हुदै आएको छ ।

**क) Indoor Activities (कोठा भित्र)**

कविता-वाचन, विचार-गोष्ठी, वतृत्वकला, निबन्ध लेखन, हाजरी जवाफ, हिज्जे प्रतियोगिता तथा चेस, लुडो, टेवलटेनिस जस्ता खेलकुद कार्यक्रम आदि ।

**ख) Outdoor Activities (कोठा बाहिर)**

फुटबल, भलिबल, वास्केटबल, ब्याडमिन्टन, क्रिकेट, कवड्डी, स्लो-साईकल रेस, म्यूजिकल चेयर गेम, हाईजम्प, लङ्गजम्प, विभिन्न किसिमिका दौड प्रतियोगिता आदि ।

# खण्ड - तीन

# विकास प्रवृत्ति

# *Development Trend*

## ३.१. भौतिक संरचनाको पूर्वाधार (Physical Infrastructure) :

वि.सं. २०४४ सालमा लहान क्याम्पस, लहानको नामबाट स्थापना भएको यस क्याम्पसले स्थापना कालमा सिमित स्रोत र साधनका कारण लहान न.पा. ७ स्थित पशुपति आर्दश मा.वि.लहानको सिमित कक्षा कोठाबाट आफ्नो पठन-पाठन कार्य प्रारम्भ गरेसंगै क्याम्पसको भौतिक पूर्वाधार निर्माणको प्रयास गरे अनुरुप लहान न.पा.बाट क्याम्पसको नाममा खरीद भई आएको करिब १५-१६-०१ विगहा जग्गामा लहानका लब्धप्रतिष्ठित उद्योगपति एवं समाजसेवी मुरारका परिवारद्वारा २०४९ सालमा लगभग ६० लाखको लागतमा निर्मित क्याम्पसको मूल भवनले पठन-पाठन कार्यलाई सहज बनाएको छ ।

क्याम्पसको विस्तारित शैक्षिक कार्यक्रमलाई व्यवस्थित गर्नका लागि भूकम्प पीडित आयोजना, जनसहयोग तथा आन्तरिक स्रोतबाट निर्मित थप कक्षाकोठा एवं भारतीय राजदूतावासको सहयोगमा निर्मित आधुनिक पुस्तकालय भवनको निर्माणले क्याम्पसलाई भौतिक रुपमा सबल बनाउन मद्दत पुऱ्याएको छ ।

विश्वविद्यालय अनुदान आयोगको दोस्रो उच्च शिक्षा परियोजना (SHEP) अन्तर्गतको जोड कोषबाट सचिवालय भवन, छात्रा-कमनरुम, साईकल स्टेण्ड, काउण्टर सेड तथा क्याम्पसको पर्खाल र HERP अन्तर्गत सेमिनार हल, सुरक्षा गार्ड भवन, Outdoor खेलकुद पूर्वाधार, प्रशासनिक भवन जस्ता भौतिक निर्माण कार्यबाट क्याम्पसलाई व्यवस्थित र सुविधा सम्पन्न रुपले शिक्षा प्रदान गर्ने शैक्षिक थलोको रुपमा उभिन सक्षम तुल्याएको छ ।

क्याम्पसमा संचालित विज्ञान तथा प्रविधि संकायलाई सुव्यवस्थित बनाउन दाता परिवारद्वारा आधुनिक एवं सुविधा सम्पन्न परमेश्वर मुरारका विज्ञान प्रयोगशाला भवनको निर्माणका साथै मधेश प्रदेश सरकारको आर्थिक सहयोगमा विज्ञान भवनको निर्माणबाट यस क्याम्पसको भौतिक विकासमा थप टेवा पुगेको छ ।

### ३.२. कार्यक्रम/ प्राज्ञिक विकासको प्रवृति (Programme/Academic Development Trend) :

यस क्याम्पसको कार्यक्रम तथा प्राज्ञिक विकासको प्रवृत्तिलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम | सङ्काय | सम्बन्धन मिति | सम्बन्ध दिने संस्था |
|---|---|---|---|---|
| १ | प्रवीणता प्रमाणपत्र तह | मानविकी | २०४४/०६/२२ | त्रि.वि. |
| २ | स्नातक तह | मानविकी | २०४७/०४/२७ | त्रि.वि. |
| ३ | स्नातक तह | शिक्षाशास्त्र | २०५४/०५/११ | त्रि.वि. |
| ४ | स्नातक तह (१ वर्षे ) | शिक्षाशास्त्र | २०५९/०५/१० | त्रि.वि. |
| ५ | स्नातक तह | व्यवस्थापन | २०६३/०५/१९ | त्रि.वि. |
| ६ | स्नातकोत्तर तह | शिक्षाशास्त्र (अंग्रेजी) | २०६५/१२/१० | त्रि.वि. |
| ७ | स्नातक तह | विज्ञान तथा प्रविधि | २०६८/०४/०८ | त्रि.वि. |
| ८ | स्नातकोत्तर तह | मानविकी (समाजशास्त्र) | २०७०/०९/१० | त्रि.वि. |
| ९ | स्नातकोत्तर तह | व्यवस्थापन (एम.वि.एस.) | २०७०/१०/१४ | त्रि.वि. |
| १० | स्नातकोत्तर तह | शिक्षाशास्त्र (पाठ्यक्रम मूल्याङ्कन, स्वास्थ्य) | २०७५/१०/०१ | त्रि.वि. |
| ११ | + २ | व्यवस्थापन | २०४९ | रा.प.बोर्ड |
| १२ | + २ | शिक्षा | २०५० | रा.प.बोर्ड |
| १३ | + २ | विज्ञान | २०६७ | रा.प.बोर्ड |
| १४ | + २ | मानविकी | २०६७ | रा.प.बोर्ड |

### ३.३. विद्यार्थी भर्ना प्रवृति (Student Enrollment Trend) :

यस क्याम्पसको पछिल्ला ३ वर्षहरुको तथ्याङ्कका आधारमा विद्यार्थी भर्ना प्रवृत्तिलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

| क्र. सं. | तह/समूह/वर्ष | २०७६ | | | २०७७ | | | २०७८ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | शिक्षा स्नातक | २०२ | ४९३ | ६९५ | २५६ | ४७३ | ७२९ | २०८ | ५४० | ७४८ |
| २ | व्यवस्थापन स्नातक | ३६१ | ३६६ | ७२७ | ४०२ | ३८० | ७८२ | ४५९ | ५०७ | ९६६ |
| ३ | मानविकी स्नातक | ५२ | ११ | ६३ | ४० | ८ | ४८ | ४५ | ८ | ५३ |
| ४ | विज्ञान स्नातक | १६० | ६० | २२० | १२२ | ४९ | १७१ | १०८ | ४४ | १५२ |
| ५ | शिक्षा स्नातक (१वर्षे) | - | - | - | ७ | ५ | १२ | - | - | - |
| ६ | शिक्षा स्नातकोत्तर | ५ | ४ | ९ | १३ | ९ | २२ | १६ | १५ | ३१ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | व्यवस्थापन स्नातकोत्तर | ८ | ५ | १३ | २२ | १३ | ३५ | २९ | २६ | ५५ |
| ८ | मानविकी स्नातकोत्तर | १३ | १४ | २७ | ३२ | २३ | ५५ | ३७ | २५ | ६२ |
| ९ | + २ वाणिज्य | ३०२ | २१९ | ५२१ | ५४८ | ३९८ | ९४६ | ६३३ | ५११ | ११४४ |
| १० | + २ विज्ञान | ७६ | ३५ | १११ | १३५ | ६० | १९५ | १६७ | ६७ | २३४ |
| ११ | + २ शिक्षा | १४९ | २६९ | ४१८ | १४० | २६२ | ४०२ | ९१ | १७९ | २७० |
| १२ | + २ मानविकी | ९ | १० | १९ | ११ | ७ | १८ | ८ | १ | ९ |
| **जम्मा** | | १३३७ | १४८६ | २८२३ | १७२८ | १६८७ | ३४१५ | १८०१ | १९२३ | ३७२४ |

## ३.४. मानव संसाधन विकास (Human Resource Development) :

### क) शिक्षक

| क्र.स. | सङ्काय | २०७६ | २०७७ | २०७८ | कैफियत |
|---|---|---|---|---|---|
| १ | शिक्षाशास्त्र | १५ | १५ | १९ | |
| २ | व्यवस्थापन | १२ | १२ | १३ | |
| ३ | मानविकी | १० | १० | १० | |
| ४ | विज्ञान | १२ | १२ | १४ | |
| | **जम्मा** | **४९** | **४९** | **५६** | |

### ख) कर्मचारी

| क्र.स. | कार्य विवरण | २०७६ | २०७७ | २०७८ | कैफियत |
|---|---|---|---|---|---|
| १ | लेखा | ४ | ४ | ४ | |
| २ | प्रशासन | ४ | ४ | ४ | |
| ३ | परीक्षा | ४ | ४ | ४ | |
| ४ | पुस्तकालय | ५ | ५ | ४ | |
| ५ | स्टोर | १ | १ | १ | |
| ६ | कम्प्युटर | २ | २ | २ | |
| ७ | पुजारी | १ | १ | १ | |
| ८ | परिचर | ४ | ४ | ४ | |
| ९ | सुरक्षा गार्ड | २ | २ | २ | |
| १० | स्वीपर | ४ | ४ | ४ | |
| **जम्मा** | | **३१** | **३१** | **३०** | |

**द्रष्टव्य : यस संस्थाको बहुसंख्यक प्राध्यापक तथा कर्मचारीहरु अन्यत्र कतै कार्य नगरी यसै संस्थामा सञ्चालित तीनै समूह (Shift) मा कार्यरत छन् ।**

### ३.५. शिक्षक-विद्यार्थी अनुपात (Teacher-Student Ratio) :

| शैक्षिक वर्ष | शिक्षक संख्या | विद्यार्थी संख्या | अनुपात |
|---|---|---|---|
| २०७६/०७७ | ४९ | २८२३ | १:५८ |
| २०७७/०७८ | ४९ | ३४१५ | १:७० |
| २०७८/०७९ | ५६ | ३७२४ | १:६७ |

### ३.६. संस्थागत विकास (Institutional Development) :

यस क्याम्पसको संस्थागत विकासका लागि क्याम्पस संचालन नियमावली तयार भई कार्यान्वयनमा छ । क्याम्पसलाई व्यवस्थित रुपमा सञ्चालन गर्न एवं स्रोत साधनको प्रभावकारी प्रयोगका लागी क्याम्पस सभा मार्फत विधिवत् रुपमा सञ्चालक समिति चरणबद्ध गठन हुँदै आएको छ । हाल कार्यकारी अध्यक्षको चयन त्रि.वि.को नियमानुसार हुने गरेको छ । क्याम्पसको कार्यगतिशीलता, नियमितता र निरन्तरताका लागि निम्न संगठनात्मक संरचना निर्माण भई कार्यान्वयनमा रहेको छ ।

**(संस्थागत संरचना पेज नं २० मा रहेको छ ।)**

### ३.७. आर्थिक तथा वित्तीय विकास (Economic and Financial Development):

यस क्याम्पसलाई शुरुका दिनमा लहान नगरपालिकाबाट क्याम्पस स्वीकृतीका लागि मुद्दती खातामा जम्मा गर्न नगद रु. ४ लाख र स्थायी सम्पत्तिको रुपमा १५-१६-०१ विगहा जग्गाको स्वामित्व प्राप्त भएको हो । त्यसैगरी भवनदाता श्री परमेश्वर मुरारका र श्री आत्माराम मुरारकाबाट अक्षयकोष अभिवृद्धिका लागि मुद्दती खातामा जम्मा गर्न नगद रु. ५ लाख र भौतिक सम्पतिको रुपमा २२ कोठे दुई तल्ले पक्की भवन प्राप्त भएको छ, जसले क्याम्पस सञ्चालनमा ठूलो टेवा पुगेको छ । शैक्षिक तथा प्रशासनिक खर्चको लागि विद्यार्थी शुल्क प्रमुख श्रोत रहेको छ । रु. ९ लाखले स्थापना भएको अक्षयकोष हाल रु ४ करोड ५१ लाख पुगेको छ । मुद्दती रकममध्ये विश्वविद्यालय अनुदान आयोगको SHEP कार्यक्रमको कार्यसम्पादन अनुदान अन्तर्गत प्राप्त रकम मध्येबाट रु. २५ लाखको छात्रवृति कोष खडा गरिएकोमा हाल उक्त कोषमा रु.३५ लाख जम्मा रहेको छ, जसले गर्दा आर्थिक रुपमा पिछिडिएका विद्यार्थीहरुलाई उच्च शिक्षा हासिल गर्न मद्दत पुगेको छ । प्रदेश तथा स्थानिय सरकार र विश्वविद्यालय अनुदान आयोगको नियमित र निरन्तर सहयोग पनि क्याम्पसको भौतिक तथा आर्थिक विकासको लागि महत्वपूर्ण छ ।

## ३.८ अनुसन्धान, अभिलेखीकरण र प्रकाशन (Research, Documentation and Publication):

अनुसन्धान, अभिलेखीकरण र प्रकाशनको पाटोलाई मजबुत बनाउनका लागि यस क्याम्पसले पुस्तकालयलाई व्यवस्थित गर्दै, शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली (EMIS) एकाईको गठन अनुसन्धान व्यवस्थापन सेल (RMC) को गठन तथा अनुसन्धान कक्षको व्यवस्था गरी अनुसन्धान कार्यका लागि यस क्याम्पसका प्राध्यापक तथा विद्यार्थीहरुलाई उत्प्रेरित गर्दै आएको छ । क्याम्पसले मुखपत्र प्रकाशन गर्ने, अनुसन्धनात्मक तालिममा सहभागी, वार्षिक कार्ययोजना निर्माण तथा कार्यान्वयन, कम्प्यूटर प्रविधि उपयोग गरी अभिलेखीकरण, आन्तरिक र वाह्य लेखा परीक्षणको व्यवस्था, सामाजिक परीक्षण सञ्चालन जस्ता कदमहरु चाल्दै अघि बढिरहेको छ । पुस्तकालय भवन छुट्टै निर्माण भएकोले पुस्तकालयमा आवश्यक फर्निचर एवं विषयगत पुस्तक तथा संर्दभ समाग्रीका साथै E-Library समेत संचालनमा रहेको छ ।

## ३.९ अतिरिक्त क्रियाकलाप विकास (Extra-curricular Development) :

यस क्याम्पसले पठन-पाठनको साथै विद्यार्थीहरुको शारीरिक र मानसिक विकासका लागि वर्षेनी क्याम्पसको कार्यतालिका अनुसार खेलकुद तथा अतिरिक्त क्रियाकलापहरू संचालन गर्दै आइरहेको छ । यी कार्यक्रमहरु संचालनका लागि क्याम्पसले प्राध्यापक, कर्मचारी, स्वतन्त्र विद्यार्थी युनियन र विद्यार्थी सङ्घ सङगठनका प्रतिनिधिहरूलाई सहभागी गराउनुको साथै विद्यार्थीहरुलाई प्रोत्साहित गर्न पुरस्कार, प्रशंसापत्र, कदरपत्रसमेत प्रदान गर्ने गरेको छ ।

# खण्ड - चार
# संस्थागत अवस्था विश्लेषण
## *SWOT Analysis of Institution*

कुनैपनि संस्थाको रणनीतिक योजना तयार गर्दा त्यस संस्थाको वास्तविक अवस्थाको विश्लेषण हुनु पनि त्यति नै जरुरी छ । संस्थाको अवस्था विश्लेषणबाट संस्थाभित्रको वर्तमान अवस्था सबल पक्ष (Strength), कमजोरी/सुधारात्मक पक्ष (Weakness) आन्तरिक रुपमा र बाह्य परिवेशबाट प्राप्त हुन सक्ने अवसर/मौका (Opportunities) र बाधा/अवरोध (Threat) को पहिचान र जाँच पड्तालका लागि SWOT Analysis गर्नु आवश्यक हुन्छ । यस क्रममा संस्थासँग जोडिएका आन्तरिक तथा बाह्य परिवेशमा सामाजिक, आर्थिक, शैक्षिक, भौतिक, व्यवस्थापन एवं कानुनी पक्षलाई संस्थागत विकासको पक्षमा पुनरावलोकन गरिन्छ । यसै क्रममा जे.एस. मुरारका वहुमुखी क्याम्पस, लहान (सिरहा) को प्रत्यक्ष सरोकारवालापक्षहरुको संलग्नतामा अवस्था विश्लेषण कार्य गरियो । जस अनुसार  समूहगत कार्य गरी प्रस्तुती र छलफल पश्चात निम्नानुसार SWOT तयार गरिएको छ ।

### ४.१. सबल पक्षहरु (Strengths ) :

- विभिन्न विषयहरुमा स्नातकोत्तर तह सम्म पठन पाठन हुनु
- दक्ष तथा अनुभवी प्राध्यापकहरु
- पुस्तकालय भवन र शैक्षिक सामग्रीहरु
- पठनपाठनमा अधिकांश छात्राहरुको सहभागिता
- EDJ विद्यार्थीहरुको बाहुल्यता
- वार्षिक शैक्षिक क्यालेण्डरको प्रकाशन
- नियमित आन्तरिक परीक्षाको व्यवस्था
- अध्ययन कक्षको व्यवस्था
- छात्र/छात्रा कमनरुमको व्यवस्था
- साईकल स्टेण्डको व्यवस्था
- सचिवालय भवनको व्यवस्था
- कम्प्यूटर प्रयोगशालाको व्यवस्था
- आधुनिक विज्ञान प्रयोगशाला भवन
- दीगो आय स्रोतको लागि वृक्षारोपण र मत्स्य पोखरी निर्माण
- रजत स्मारक पार्क

- यातायात सुविधाको लागि बसको व्यवस्था
- सुरक्षित कम्पाउण्डवाल
- प्राध्यापक, कर्मचारी एवं विद्यार्थीहरुको लागि निर्धारित पोशाक
- कार्यक्रम संचालनका लागि स्थायी मञ्च एवं साउण्ड सिस्टमको व्यवस्था
- विद्युतिय हाजिरी मेशिनको व्यवस्था
- इन्टरनेटको सुविधा
- SHEP तथा HERP कार्यक्रम सफलता पूर्वक सम्पन्न
- विद्युतीय माध्यमद्वारा शिक्षण सिकाईका लागि प्रध्यापकहरुलाई ल्यापटप वितरण
- QAA प्रमाण पत्र प्राप्त
- RMC / EMIS को गठन
- विभागीय संरचनाको व्यवस्था
- कक्षाकोठाहरुमा Projecter को व्यवस्था गरी पठन-पाठनमा विद्युतिय माध्यमको प्रयोग
- क्याम्पसको शैक्षिक, प्रशासनिक तथा अन्य गतिविधिहरुको सि.सि.क्यामराको माध्यमद्वारा निगरानी
- प्रशासनिक कार्य तथा पुस्तकालय संचालनमा Software को प्रयोग
- आवश्यकता अनुसार कक्षा-कोठाको व्यवस्था
- क्याम्पसको स्वामित्वमा १५-१६-०१ विगाहा जमिन रहेको
- खेलमैदानको व्यवस्था
- वैकल्पिक उर्जाको व्यवस्था
- शौचालयको उचित व्यवस्था
- आर्थिक अनुशासन र पारदर्शिता
- न्यूनतम शुल्कमा विद्यार्थीहरुलाई शिक्षा प्रदान
- विद्यार्थीहरुको सम्पूर्ण अभिलेख एवम् तथ्याङ्कहरु
- राष्ट्रिय तथा अर्न्तराष्टियृ संस्थाहरुसँग सम्वन्ध विस्तार हुँदै गएको
- शान्त तथा हरियाली वातावरण
- छात्रवृत्ति, अक्षयकोष र उपदान कोषको व्यवस्था
- मिश्रित विद्यार्थीहरुको सहभागिता
- सामाजिक सहयोग र सद्भाव

- अभिभावक र दाताहरुको योगदान
- निःस्वार्थ एवं सहयोगी सञ्चालक समिति
- छुट्टै स्ववियू भवन
- छुट्टै प्रशासनिक भवन
- चमेना गृहको व्यवस्था
- सेमिनार हलको व्यवस्था
- संकायगत शैक्षिक भवनको व्यवस्था

## ४.२. **कमजोरीहरु (Weaknesses) :**

- पर्याप्त शैक्षिक सामग्रीको कमी
- अनुसन्धानमूलक कार्य न्यून हुनु
- वैज्ञानिक शिक्षणविधिको प्रयोगमा कमी
- व्यावसायिक तथा प्राविधिक शिक्षा सञ्चालन गर्न नसक्नु
- पर्याप्त विषय शिक्षकको व्यवस्था नहुनु
- विद्वत्वृती विकास सम्बन्धी पर्याप्त कार्यक्रम सञ्चालन गर्न नसक्नु
- अपर्याप्त पुस्तक तथा सन्दर्भ सामग्री
- पर्याप्त स्थायी आयश्रोतको पहिचान र उपयोग हुन नसक्नु
- आर्थिक रुपले सबल तथा विशिष्ट श्रेणीमा उर्तीण विद्यार्थीहरुलाई आकर्षित गर्न नसक्नु
- अतिथि गृहको व्यवस्था नहुनु
- शिक्षा शास्त्र संकायको प्रयोगशाला नहुनु
- अपाङ्ग मैत्री कक्षाकोठाको व्यवस्था हुन नसक्नु ।

## ४.३. **अवसरहरु (Oppportunities):**

- प्राविधिक र व्यवसायिक शैक्षिक कार्यक्रम सञ्चालन गर्न सक्ने
- यस क्षेत्रमा शैक्षिक नेतृत्व लिन सक्ने
- भौतिक पूर्वाधारको कारण विभिन्न निकायबाट थप अनुदान र आर्थिक सहयोग प्राप्त गर्न सक्ने
- समयानुकुलको दक्ष जनशक्ति उत्पादन हुने
- पब्लिक तथा प्रादेशिक विश्वविद्यालयको अवधारणा आउनु
- शहरीकरण तथा जनघनत्वमा वृद्धि हुनु
- UGC को सामुदायिक क्याम्पसप्रतिको दृष्टिकोण सकारात्मक हुनु

- उच्च शिक्षामा विकेन्द्रीकरणको नीति हुनु
- व्यवस्थित छात्रावासको निर्माण गर्न सक्ने
- त्रि.वि. सभामा प्रतिनिधित्व हुन सक्ने
- दीगो आयआर्जनको श्रोत जुटाउन सक्ने
- सवै वर्ग र समुदायका विद्यार्थीहरुलाई आकर्षित गर्न सक्ने
- स्नातक तथा स्नातकोत्तर तहमा विभिन्न विषय विस्तार गर्न सक्ने
- राजनीतिक दल र समुदायको क्याम्पस प्रति सकारात्मक दृष्टिकोण भएको

### ४.४. चुनौतिहरु (Threats) :

- राजनैतिक अस्थिरता एवम् बढ्दो राजनीतिक प्रभाव,
- निजी शैक्षिक संस्थाप्रति विद्यार्थीको आकर्षण बढ्नु ,
- विद्यार्थीको संख्या नै आम्दानीको मुख्य स्रोत हुनु ,
- परीक्षाफललाई परिमाणात्मक र गुणात्मक रुपमा अभिवृद्धि गर्नु ,
- क्याम्पसको आर्थिक आत्मनिर्भरतालाई सबल बनाउनु ,
- क्याम्पसलाई शैक्षिक अनुसन्धान केन्द्र तथा सम्भावित विश्वविद्यालयको रुपमा विकसित गर्नु ,
- विद्यार्थी संघ संगठनको अनावश्यक प्रभाव,
- निजी शैक्षिक संस्थाहरुको अस्वस्थ प्रतिस्पर्धा
- त्रि.वि.द्वारा सामुदायिक क्याम्पस माथि सेवा शुल्क र सम्बन्धन नविकरण शुल्क जस्ता अनावशयक शुल्कहरु थोपार्नु ।
- त्रि.वि. ले सामुदायिक क्याम्पसहरुलाई नयाँ कार्यक्रम तथा विषयहरु संचालन गर्ने स्वीकृती दिन अनाकानी गर्नु ।

### ४.५ संस्थागत विकासका लागि आधारभूत तथा मुख्य प्राथमिकताका क्षेत्रहरु (Basic and Core Priorities for Institutional Development) :

संस्थागत विकासको लागि संस्थागत अवस्था विश्लेषणको आधारमा क्याम्पसलाई व्यवस्थित एवं प्रभावकारी ढंगले संचालन गर्न समूहगत प्रस्तुती र छलफल पश्चात निम्न पक्षहरुको समुचित विकास गर्नुपर्ने ठहर गरिएको छ ।

(क) व्यवस्थापन तथा संस्थागत विकास (सुशासनको आधारमा उत्कृष्ट शैक्षिक संस्थाको रुपमा स्थापित),

(ख) शैक्षिक विकास (जिम्मेवारी बोधका साथ शैक्षिक गुणस्तर वृद्धि गर्ने),

(ग) भौतिक पूर्वाधार विकास (आधारभूत भौतिक साधनले सम्पन्न गराउने)

(घ) दीगो आर्थिक विकास (क्याम्पसलाई आत्मनिर्भर बनाउने),

(ङ) अनुसन्धान, प्रकाशन, अभिलेखीकरण तथा सूचना प्रविधि (शैक्षिक अनुसन्धान तथा प्रकाशन एवं पारदर्शी अभिलेखीकरणको साथै अन्तर सम्बन्ध विकास),

(च) लैङ्गिक संवेदनशीलता र समावेशीकरण (क्याम्पससंग सम्बन्धित प्रत्येक निकायमा लैङ्गिक समता र समावेशीकरणको विकास गर्ने) ।

# खण्ड - पाँच

## रणनीतिक योजना
## *Strategic Plan*

रणनीतिक योजना भनेको संगठनको साधन स्रोतहरुको आधारमा आन्तरिक एवं वाह्य वातावरणीय विश्लेषणबाट सबल पक्ष, दुर्वल पक्ष, अवसर तथा चुनौतीहरु पहिचान गरी संगठनात्मक लक्ष्य तथा उद्देश्यहरु निर्धारण गर्नु र लक्ष्य प्राप्तिकालागि उपयुक्त विकल्पहरुको छनौट गरी बनाइने विस्तृत कार्ययोजना हो । यसले संस्थालाई दीर्घकालीन दिशानिर्देश गर्दछ ।

यस क्याम्पसको रणनीतिक योजना निर्माण गर्ने क्रममा जे.एस. मुरारका बहुमुखी क्याम्पसको VMGO, आचारसंहिता र रणनीतिक योजनाका प्रमुख क्षेत्रहरुको आधारमा सरोकारवालापक्षहरुबीच सहभागितात्मक रुपमा समूहगत प्रस्तुती , छलफल गरी निम्नानुसार **VMGO** तयार गरिएको छ ।

### ५.१ परिकल्पना, ध्येय , लक्ष्य र उद्देश्य (VMG)

### Vision :

दक्ष, सीपयुक्त तथा समर्पित मानव संसाधन उत्पादन गर्ने एक नमूना शिक्षण संस्था । (To make the institution a model for producing qualified, skilled and devoted human resources)

### Mission:

सरोकारबालापक्षहरुको सहभागितामा स्थानिय स्रोतहरुको परिचालन, सुविधायुक्त भौतिक पूर्वाधार, सुशासन, अनुसंधानात्मक, व्यवहारिक तथा गुणस्तरिय शिक्षा प्रदान गर्दै समयसापेक्ष दक्ष जनशक्ति उत्पादन गरि समृद्ध समाज निर्माणमा योगदान पुऱ्याउने । (To contribute for building prosperous society by producing updated and efficient human resources providing research and practical based quality education under well physical facilitated infrastructure, good governance, local resource mobilization, stakeholder's participation and their access as well.)

### Goals:

- दीगो विकासका लागि सुविधा सम्पन्न भौतिक पूर्वाधार तथा प्रभावकारी व्यवस्थापनद्वारा गुणस्तरिय शिक्षा अभिवृद्धि गर्नु ,
  (To enhance the quality education with effective management and well facilitated physical infrastructure for sustainable development.)
- सरोकारबालापक्षहरुको सक्रृय सहभागिताको आधारमा स्थानिय स्रोतहरुको परिचालन गर्नु ,
  (To mobilize the local resources with the active participation of the stakeholders.)

- क्याम्पसको संस्थागत विकासका लागि अनुसंधानात्मक क्रियाकलापहरु तथा अन्य संघ-संस्थाहरुको समन्वयमा निति तथा कार्यविधिको विकास र विस्तार गर्ने ।
  (To develop and expand its policy and procedures as well as research based activities and linkage with other organizations for the Institutional development of the campus, and )
- प्राध्यापक तथा कर्मचारीहरुको पेशागत क्षमता अभिवृद्धि गर्ने ।
  (To promote the professional development of the staff.)

**Objectives:**

- राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा गुणस्तरिय शिक्षा अभिवृद्धि गर्ने ,

  (To enhance the quality education in the national and international level.)
- आवश्यकता अनुसारको भौतिक पूर्वाधार विकास गर्ने ,

  (To expand physical infrastructure as per need.)
- प्रशासनिक क्रियाकलापहरु प्रभावकारी रुपमा विस्तार गर्ने ,

  (To promote effectively administrative activities.)
- समयानुकुल शैक्षिक वातावरण निर्माण गर्दै जाने ,

  (To facilitate the updated educational environment.)
- स्वच्छ, सफा र हराभरा संस्थाको रुपमा कायम राख्ने ,

  (To maintain it as a green and clean Institution.)
- सरोकारवालापक्षहरुसंग अन्तरक्रिया विस्तार गर्ने ,

  (To expand the interaction with the stakeholders.)
- स्थानीय दाता तथा शुभेच्छुकहरुलाई सहयोगका लागि प्रेरित गर्ने ,

  (To intiate the local donors and well wishers for their contribution.)
- आन्तरिक तथा वाह्य स्रोत साधनहरुको परिचालन गर्ने ,

  (To mobilize the internal and external resource.)
- आवश्यक निति तथा योजनाहरुको निर्माण तथा कार्यान्वयन गर्ने ,

  (To form and apply the required policy and plan in the Institution.)
- प्रत्येक क्षेत्रमा समतामूलक सहभागिता गराईने ,

  (To promote equity access in every sector.)
- जोखिम न्यूनिकरण गर्ने ,

  (To manage the ways of reducing hazards in the Institution.)

- आधुनिक सूचना प्रणालीको प्रवर्द्धन गर्ने ,

  (To promote the modernized informations systems.)
- समय सापेक्ष शैक्षिक कार्यक्रमहरु विस्तार गर्ने ,

  (To expand the academic programs as per need.)
- अनुसन्धानात्मक क्रियाकलापहरुको प्रवर्द्धन गर्ने ,

  (To promote the research oriented activities.)
- प्राध्यापक तथा कर्मचारीहरुको समय सापेक्ष सिप, दक्षता तथा कार्यकुशलता अभिवृद्धि गर्ने ,

  (To enhance skills, capacity and efficiency of teaching and non-teaching staff.)
- गुणस्तर सुनिश्चितता कायम राख्ने ।

  (To maintain the quality assurance.)

**रणनीतिहरु (Strategies) :**

- आन्तरिक तथा वाह्य स्रोत साधनको व्यवस्थापन गरी भौतिक पूर्वाधार विकासमा जोड दिइनेछ,
- आधुनिक शैक्षिक सामग्रीहरुको व्यवस्थापन गरी शैक्षिक गुणस्तर वृद्धि गर्न जोड दिइनेछ,
- प्राध्यापक तथा कर्मचारीहरुको स्तर वृद्धिका लागि अवसर प्रदान गरिनेछ,
- स्वच्छ शैक्षिक वातावरण कायम गरी शैक्षिक क्रियाकलापमा विद्यार्थीहरुको सहभागिता वृद्धि गरिनेछ,
- आर्थिक दिगोपनका लागि साधन-स्रोतको अधिकतमरुपमा संकलन र परिचालनमा प्रभावकारिता ल्याइनेछ,
- सरोकारवालापक्षको सक्रिय सहभागिता वृद्धि गरी समन्वय एवम् साझेदारी कार्यक्रम सञ्चालनमा जोड दिइनेछ,
- समयानुकुल प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिइनेछ,
- समयानुकूल क्याम्पसको व्यवस्थापन, नीति-नियम, जिम्मेवारी बाँडफाँड र जवाफदेहिता अभिवृद्धि गर्दै लगिनेछ,

### ५.२ आचारसंहिता (Code of Conducts) :

जे.एस. मुरारका बहुमुखी क्याम्पसका लागि तयार पारिएको आचारसंहिता :

**क. प्राध्यापक तथा कर्मचारीहरुका लागि आचारसंहिता :**

१. नियमित रुपमा निर्धारित पोशाक तथा परिचय पत्र सहित समयमै उपस्थित हुनुपर्ने,

२. क्याम्पसले तोकेको जिम्मेवारी वहन गर्नुपर्ने,

३. प्राध्यापकहरुले कक्षाभित्र पूरा समय पढाउनुपर्ने,

४. पठनपाठनको समयमा मोबाइल फोनको प्रयोग गर्न नहुने,
५. बिदा वस्नु परेमा प्रशासनलाई पूर्व जानकारी गराउनुपर्ने,
६. क्याम्पस हाताभित्र सक्रिय राजनीतिक गतिविधि गर्न नहुने,
७. प्रशासन, विद्यार्थी तथा प्राध्यापकबीच समन्वयात्मक भूमिका निर्वाह गर्ने,
८. जाति, लिङ्ग, वर्ण, धर्म, पेशा, राजनीतिक आस्था आदि कुनै पनि आधारमा भेदभावमूलक व्यवहार नगर्ने,
९. विद्यार्थीहरुप्रति सद्व्यवहार गर्ने,
१०. गुणस्तरीय, वैज्ञानिक तथा व्यावहारिक शिक्षामा जोड दिने ।

**ख. विद्यार्थीहरुका लागि आचारसंहिता :**

१. तोकिएको समयमा परिचय-पत्र सहित क्याम्पस प्रवेश गर्नुपर्ने,
२. क्याम्पसले तोकेको पोशाक लगाउनुपर्ने,
३. नियमित रुपमा पठनपाठनमा सरिक हुनुपर्ने,
४. स्वच्छ शैक्षिक वातावरणको लागि प्रशासनलाई सहयोग पुऱ्याउनु पर्ने,
५. बिना अनुमति क्याम्पसमा भित्र-बाहिर गर्न नपाइने,
६. पठनपाठनका समयमा अनावश्यक मोबाइल, आइपड लगायतका सामान प्रयोग गर्न नपाइने,
७. प्रशासनिक कार्यकक्षमा अनुमति लिएर मात्र प्रवेश गर्ने,
८. गुरुवर्गलाई आदर गर्ने र शिक्षण समयलाई अधिकतम उपयोगमा ल्याउने,
९. गैरशैक्षिक सामग्रीहरु लिई कक्षाकोठामा प्रवेश गर्न नपाइने,
१०. क्याम्पसले तोकेको शैक्षिक कार्यकलापमा अनिवार्य रुपमा उपस्थित हुनुपर्ने,
११. भित्ता, डेक्सबेञ्च, शौचालय आदि स्थानमा कोर्न/लेख्न नपाइने,
१२. क्याम्पसको शैक्षिक वातावरणलाई खलल पुग्ने कुनै किसिमका क्रियाकलाप गर्न नपाइने,
१३. प्राध्यापक, कर्मचारी तथा विद्यार्थी साथीहरुबीच समन्वयात्मक भूमिका निर्वाह गर्नु पर्ने,
१४. कक्षा संचालन भईरहेको समयमा अनावश्यक रुपमा ओहोर दोहोर गर्न नहुने ।

**ग. व्यवस्थापन समितिका सदस्य, प्राध्यापक, कर्मचारी, विद्यार्थी सबैले निम्न आचारसंहिता पालना गर्नुपर्नेछः :**

१. क्याम्पस हाताभित्र धुम्रपान,मद्यपान, लागु पदार्थ, पराग,गुट्टखा,सुर्ती तथा सुर्ती जन्य वस्तु प्रयोग गर्न नपाइने,

२. पठनपाठन र प्रशासनिक क्रियाकलापलाई नकारात्मक प्रभाव पार्ने गरी मोवाइलको प्रयोग गर्न नपाउने,

३. गैर शैक्षिक सामग्री लिई क्याम्पस हातामा प्रवेश गर्न नपाइने,

४. क्याम्पस हाताभित्र लैङ्गिक, जातीय, धार्मिक तथा सांस्कृतिक रुपमा भेदभाव गर्न नपाइने,

५. सवैले मर्यादित रुपमा आ-आफ्नो काम, कर्तव्य निर्वाह गर्नुपर्ने,

६. क्याम्पसका प्रत्येक क्रियाकलापहरु पारदर्शी हुनुपर्ने,

७. सञ्चालक समिति, प्राध्यापक, कर्मचारी र विद्यार्थीले एक अर्कालाई सम्मान गर्नुपर्ने,

८. पारस्परिक सद्भाव र सामञ्जस्यता कायम राख्ने,

९. अनुशासन र मर्यादालाई ख्याल गरी दायित्व बोध लिने,

१०. क्याम्पसद्वारा निर्धारित पोशाक अनिवार्य प्रयोग गर्ने,

११. एक अर्काप्रति आदरभाव (Response & Respect) गर्ने,

१२. क्याम्पसको भौतिक सम्पति एवं बोट विरुवाहरुको संरक्षण गर्ने,

१३. लैङ्गिक समावेशीकरणमा ध्यान दिने,

१४. विद्यार्थीहरुको साथमा परिचयपत्र हुनुपर्ने,

१५. पुस्तकालयको पुस्तक वितरण प्रणाली सरल र सहज बनाउने,

१६. क्याम्पसद्वारा निर्धारित नीति नियमको पालना सम्बन्धित सबै पक्षले गर्नुपर्ने ।

## ५.३ रणनीतिक योजनाका प्रमुख क्षेत्रहरु ( Major Areas of Strategic Plan):

### १.संस्थागत विकास तथा व्यवस्थापन (Institutional Development and Management)

**क्षेत्र :** संस्थागत विकास तथा व्यवस्थापन ।

**लक्ष्य :** संस्थागत क्षमता अभिवृद्धिका लागि मानव संसाधनको दक्षता र प्रभावकारिताद्वारा सुशासनको अनुभूति प्रदान गर्ने ।

**उद्देश्यहरु:**

- प्राध्यापक तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने,
- प्रतिभा व्यवस्थापनको अवधारणालाई अगाडी बढाउने,
- सरोकारवालापक्षहरु बीच पारस्परिक समन्वय कायम गर्ने,
- प्राविधिक शिक्षा तथा संचालित संकायहरुमा समय सापेक्ष कार्यक्रम विस्तार गर्ने,
- प्रभावकारी अनुगमन, सुपरिवेक्षण तथा मूल्यांकन प्रणालीको विकास गर्ने,
- उपलब्ध साधनस्रोतहरुको उच्चत्तम प्रयोग गरी व्यवस्थापन पक्षलाई थप प्रभावकारी बनाउने,
- वैज्ञानिक शिक्षण बिधि लागु गर्ने,
- आवश्यक भौतिक पूर्वाधारको विकास गर्ने,
- निष्पक्षता एवम् पारदर्शिताको विकास गर्ने,
- क्याम्पस र सरोकारवालाहरुको अन्तरसम्बन्धलाई सुदृढ बनाउँदै लैजाने
- समान सहभागिता तथा जवाफदेहिता बोध गराउने,
- विकेन्द्रिकृत निर्णय प्रणालीको विकास गरी प्रशासनिक कार्यलाई थप प्रभावकारी बनाउदै लैजाने,
- सरोकारवालापक्षहरुको उल्लेख्य सहभागितामा क्याम्पसको वार्षिकोत्सव नियमित रुपमा मनाउने ।

**क्रियाकलापहरु :**

- कार्यालय व्यवस्थापन, सूचना प्रविधि, कम्प्यूटर, पुस्तकालय र लेखा सम्बन्धी थप तालिम दिइने,
- प्राध्यापकहरुलाई तालिम, पुनर्ताजगी तथा शोध अध्ययनका लागि प्रेरित तथा लगानी गर्ने,
- क्याम्पसमा गठित विभिन्न एकाइहरुको कार्य प्रगतिलाई नियमित बैठकद्वारा समीक्षा गर्ने,
- क्याम्पस संचालन नियम-विनियम पालना गर्ने र आवश्यक भएमा परिमार्जन गर्ने,
- प्रभावकारी मूल्यांकन, अनुगमन तथा सुपरिवेक्षणका लागि सर्वपक्षीय संयन्त्र निर्माण गर्ने,
- वार्षिक कार्ययोजना र यसको कार्यन्वयनलाई निरन्तरता दिने,
- विषयगत प्रमुखहरुको व्यवस्था गर्ने,
- शैक्षिक क्यालेण्डर अनुसार पठन-पाठन तथा अतिरिक्त क्रियाकलापहरु संचालन गर्ने,
- विद्यार्थीहरुबाट लिइने शुल्कको समय सापेक्ष परिमार्जन गर्ने,

- आधुनिक शैक्षिक सामग्रीको प्रयोग गरी विद्यार्थीको ज्ञान अभिवृद्धि गर्ने,
- समयानुसार क्याम्पस संचालन नियम-विनियममा आवश्यक परिमार्जन गर्ने,
- स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रोतहरुको खोजी गर्ने,
- संस्थापक, जग्गादाता, भवनदाता, चन्दादाता तथा अन्य दातृ संस्थाहरुको योगदानको उचित कदर गर्ने तथा क्याम्पसका प्रकाशनहरु, अभिलेख तथा शिलालेख मार्फत नाम सार्वजानिक गर्ने,
- नव प्रवेशी चन्दादाता संघसंस्था तथा व्यक्तिहरुलाई नियमानुसार क्याम्पस सभाको सदस्यता प्रदान गरी सम्मान गर्ने,
- कार्यसम्पादन मूल्याङ्कनको आधारमा पुरस्कार र दण्डको व्यवस्था गर्ने,
- सरोकारवाला तथा दातालाई वार्षिकोत्सव कार्यक्रममा सम्मान गर्ने,
- आन्तरिक तालिमकर्ताहरुको विकास गने ।

**सूचकहरु :**

- दक्ष तथा तालिम प्राप्त प्राध्यापकहरुद्धारा प्राध्यापन गरिएको हुनेछ,
- क्याम्पस सभाको सदस्यहरुको उच्च क्रियाशीलता व्यवहारमा देखिनेछ,
- विधानको समसामयिक परिमार्जन हुनेछ,
- समयसापेक्ष शुल्क निर्धारण गरिएको हुनेछ,
- समयानुकूल सूचना प्रणालीको व्यवस्था हुनेछ,
- विद्यार्थी भर्ना तथा उत्तीर्णदरमा वृद्धि हुनेछ,
- शैक्षिक गतिविधिमा विद्यार्थी संलग्नता बढ्नेछ,
- सम्वन्धित पक्षको गुनासोमा कमी र सहभागितामा वृद्धि हुनेछ,
- आन्तरिक एवम् बाह्य स्रोतसाधनको प्रभावकारी रुपमा व्यवस्थापन भई आवश्यकता अनुसार तालिम, गोष्ठी, अन्तक्रिया सञ्चालन भएको हुनेछ ।

**रणनीति :**

- क्षेत्रगत तालिम कार्यक्रम संचालन गर्ने,
- सरोकारवालापक्षहरुको सहभागिता बढाउन प्रोंत्साहन गर्ने,
- समयानुकुल विधान तथा नियमावली संशोधन र कार्यान्वयन गर्ने,
- वृत्तचित्र निर्माण गर्ने र विद्यार्थीलाई लेख, रचनाको लागि आन्तरिक प्रतिस्पर्धा गराउने,
- सम्वन्धित निकायमा कार्यक्रम थप गर्न पहल गर्ने,
- शुल्क निर्धारण समिति निर्माण गरी समयानुकूल शुल्क निर्धारण/परिमार्जन गर्ने,
- समयानुकूल सूचना प्रणालीको व्यवस्था गर्ने,

- आवश्यक शैक्षिक सामग्री उपलब्ध गराउने,
- तयार भएको गुरुयोजना कार्यान्वयनमा निरन्तरता दिने,
- लेखापरीक्षण प्रतिवेदन सरोकारवालाहरु समक्ष सार्वजनिक गर्ने,
- विभिन्न सहयोगी वा दातृ निकायसँगको सम्बन्ध र समन्वयमा निरन्तरता दिइने,
- शैक्षिक अनुशासन कायम गर्दै नियमित पठन-पाठनको व्यवस्था गर्ने,
- कार्यसम्पादन मूल्याङ्कन प्रकृयालाई थप प्रभावकारी बनाउँदै लैजाने ।

## २. शैक्षिक विकास (Educational Development)

**लक्ष्य :** शैक्षिक गुणस्तर अभिवृद्धि गरी दक्ष र गुणस्तरीय जनशक्ति उत्पादन गर्दै नमूना क्यापसको रुपमा स्थापित गर्ने

**उद्देश्यहरु :**

- सरोकारवालापक्षहरु बीच आपसी सम्बन्ध र समन्वय विकास गरी अनुकूल शैक्षिक वातावरण निर्माण गर्ने,
- समयानुकुल विषयगत दक्ष जनशक्तिको व्यवस्था गर्ने ,
- शैक्षिक गुणस्तर अभिवृद्धिका लागि तालिम तथा विकास कार्यक्रम सञ्चालन गर्ने,
- विद्यार्थीको क्षमता अभिवृद्धि गर्न समयानुकुल शिक्षण सिकाई क्रियाकलाप अबलम्बन गर्ने,
- विभिन्न संकाय र विभागहरुको सुदृढीकरण गर्ने,
- शैक्षिक विकासका लागि अध्ययन अवलोकन भ्रमण,
- **NEHEP** कार्यक्रममा क्याम्पसको सहभागिता ।

**क्रियाकलापहरु :**

- ➢ सरोकारवालापक्षहरुसंग वृहत अन्तरक्रिया गरी समय सापेक्ष  शैक्षिक स्तरवृद्धिका लागि प्राविधिक शैक्षिक कार्यक्रम र संचालित संकायहरुमा व्यवसायिक विषयहरु थप गर्दै जाने,
- ➢ थप शैक्षिक कार्यक्रमका लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,
- ➢ शैक्षिक गुणस्तर अभिवृद्धिका लागि कार्यशाला गोष्ठी, अनुसन्धानमूलक कार्यक्रम,  पुनर्ताजगी तालिम, सेमिनार जस्ता कार्यक्रम संचालन गर्ने,
- ➢ मानव संशाधनको दक्षता अभिवृद्धि गर्न प्राध्यापकहरुलाई एम.फिल. र पीएच.डी.का लागि प्रोत्साहित गर्ने
- ➢ विद्यार्थीहरुको प्रयोगात्मक ज्ञान अभिवृद्धिका लागि अध्ययन अवलोकन (स्थलगत) भ्रमणको व्यवस्था गर्ने,
- ➢ विद्यार्थीहरुको क्षमता अभिवृद्धिकालागि विद्यार्थी केन्द्रित अन्तरक्रियात्मक कार्यक्रम संचालन गर्ने,

- विद्यार्थीहरुको लागि छात्रवृत्ति सम्बन्धी कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने,
- निरीक्षण तथा अनुगमनकार्यलाई चुस्त बनाउने,
- प्राध्यापक तथा विद्यार्थीहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न विषयका विज्ञहरुलाई आमन्त्रण गरी विशेष कक्षाको व्यवस्था गर्ने,
- कक्षा शिक्षणलाई विद्यार्थीकेन्द्रित बनाउँदै शिक्षणक्रियामा प्रयोग गरिने आधुनिक सामग्रीहरु उपयोगमा ल्याउने,
- असल शैक्षिक वातावरण निर्माणका लागि अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई निरन्तरता दिने,
- **NEHEP** अन्तर्गत विभिन्न कार्यक्रमहरु संचालन गर्ने ।

**सूचकहरु :**

- आवश्यकतानुसार प्राध्यापक तथा कर्मचारी व्यवस्थापन भई शैाीक्षक तथा प्रशासनिक कार्य चुस्त र दुरुस्त हुनेछ,
- प्राध्यापक तथा कर्मचारीहरुका लागि आवश्यक विभिन्न तालिमहरुको व्यवस्था भएको हुनेछ,
- क्याम्पसमा गठित विभिन्न विभाग तथा समितिहरु (विषय समिति, अनुसन्धान व्यवस्थापन सेल, EMIS Cell) को व्यवस्थापनबाट शैक्षिक गुणस्तर बढनेछ ,
- विद्यार्थीहरुको सर्वाङ्गिण विकासका लागि शैक्षिक क्यालेण्डर अनुसार अतिरिक्त क्रियाकलाप र सहकार्यकलाप सम्वन्धी कार्यक्रम संचालन गरिएका हुनेछन्,
- E-Library को प्रयोग विस्तार हुनेछ ,
- वर्षमा कम्तीमा दुई वटा विषयको विशेषज्ञ (अतिथि) प्राध्यापकद्वारा विशेष कक्षा सञ्चालन भएको हुनेछ,
- सैद्धान्तिक ज्ञानको साथै प्रयोगात्मक ज्ञान तथा सीपमा वृद्धि भएको हुनेछ,
- अनुकूल र स्वच्छ वातावरणमा पठन-पाठन भएको हुनेछ,
- अनुभवको आदान-प्रदान तथा नयाँ कार्यको थालनीको लागि सरोकारवाला पक्षहरुसंग नियमित गोष्ठी र अन्तरक्रिया भएको हुनेछ,
- एम.फिल. र पीएच.डी. उपाधि प्राप्त प्राध्यापकको संख्यामा वृद्धि हुनेछन्,
- UGC का विभिन्न कार्यक्रमहरु संचालनबाट गुणस्तरिय शिक्षाको विकास हुनेछ ।

**रणनीतिहरु :**

- शैक्षिक विकासका लागि सञ्चालक समिति, प्राध्यापक, कर्मचारी, विद्यार्थी प्रतिनिधि लगायत सरोकारवालाहरु सम्मिलित समिति बनाउने,
- प्राध्यापक-विद्यार्थी अनुपात मिलाउन कक्षाकोठा व्यवस्थापन तथा प्राध्यापक नियुक्तिमा जोड दिने,

- आवश्यकतानुसार कर्मचारी नियुक्तीको व्यवस्था गर्ने,
- प्राध्यापक, कर्मचारी एवं विद्यार्थीको क्षमता अभिवृद्धिको लागि अवसर प्रदान गर्ने,
- आन्तरिक तथा बाह्य सहयोगको आधारमा शैक्षिक पूर्वाधार विकास गर्ने,
- पुस्तकालयमा आवश्यकता अनुसार विषयगत पुस्तक तथा संदर्भ सामग्रीहरुको व्यवस्था मिलाई विद्यार्थीहरुलाई निरन्तर रुपमा सुविधा पुऱ्याइनेछ,
- E-Library थप व्यवस्थित गर्नका लागि आवश्यक विद्युतीय उपकरण तथा तालिमको व्यवस्था गर्ने,
- क्याम्पसको शैक्षिक विकासका लागि सरोकारवालापक्षहरुसंग गोष्ठी र अन्तरक्रिया गर्ने,
- **NEHEP** अन्तर्गत संचालित कार्यक्रमहरुका लागि आवश्यक प्रक्रिया पूरा गर्ने ।

## ३. भौतिक पूर्वाधार विकास (Development of Physical Infrastructure)

**क्षेत्र :** भौतिक पूर्वाधार विकास

**लक्ष्य :** शैक्षिक विकासलाई मध्येनजर गर्दै क्याम्पसलाई आधारभूत भौतिक साधनले सम्पन्न बनाउनु ।

**उद्देश्यहरु :**

- E-Library को लागि छुटै कोठाको व्यवस्था गर्ने,
- स्वच्छ खानेपानी व्यवस्था विस्तार गर्ने,
- प्राध्यापक तथा कर्मचारीको सवारी साधनका लागि पार्किङ्गस्थलको व्यवस्था गर्ने,
- अतिथिगृह निर्माण गर्ने,
- संकायगत रुपमा आवश्यक भवन विस्तार गर्ने ।

**क्रियाकलापहरु :**

- संकायगत भवन निर्माण,
- पार्किङ स्थलको व्यवस्था,
- अतिथि गृहको निर्माण,
- कम्पाउण्ड वाल निर्माण,
- थप कक्षाकोठा तथा पुस्तकालयमा आवश्यक फर्निचरको व्यवस्था,
- अध्ययन कक्षको व्यवस्था,
- आन्तरिक बाटो विस्तार, स्तरिकरण तथा ढल निकासको व्यवस्था ।

**सूचकहरु :**

- संकायगत भवनको निर्माण र प्रयोग हुनेछ ,
- E-Library कक्षको उचित व्यवस्थापन हुनेछ ,
- बस र मोटरसाइकल पार्किङ व्यवस्था हुनेछ ,
- आन्तरिक बाटो विस्तार तथा ढल निकासको व्यवस्था हुनेछ ,

**रणनीतिहरु :**

- क्याम्पसको आन्तरिक श्रोत, U.G.C. बाट प्राप्त अनुदान र अन्य श्रोत व्यवस्था गरी निर्माण विशेषज्ञहरुको सल्लाह अनुसार निर्माण कार्य गरिनेछ ।
- सरोकारवाला पक्षहरुको संलग्नतामा जिम्मेवारीको बाँडफाँड गरी भौतिक निर्माण कार्यलाई व्यवस्थित गरिने छ ।
- सहयोगी निकाय र दातृसंस्थाको नीति अनुसार कार्यलाई अगाडि बढाइनेछ ।
- आन्तरिक स्रोत र सहयोगी निकायहरुसंगको साझेदारीमा भौतिक पूर्वाधार विकासमा जोड दिइनेछ ।
- आवश्यकता अनुसार प्राविधिक एवम् विशेषज्ञ समेतको प्रयोग गरिनेछ ।
- अपाङ्ग मैत्री भौतिक संरचना निर्माण हुनेछ ।

## ४. दीगो आर्थिक विकास (Sustainable Economic Development)

**लक्ष्य** : दीगो रुपमा क्याम्पसलाई आत्मनिर्भर बनाउने ।

**उद्देश्यहरु :**

- स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्ने,
- आर्थिक प्रणालीलाई पारदर्शी , मितव्ययी र सूचनामूलक बनाउने,
- मानवीय श्रोत-साधनलाई क्याम्पसप्रति पूर्णरुपले समर्पित हुन प्रेरित गर्ने,
- क्याम्पसलाई शैक्षिक आकर्षण केन्द्रको रुपमा विकास गर्ने,
- आर्थिक श्रोतहरुको नयाँ सम्भावना पहिल्याई क्याम्पसलाई आर्थिक रुपले सक्षम बनाउने,
- आन्तरिक तथा बाह्य स्रोत साधनको संकलन र परिचालनमा जोड दिने,
- कोष अभिवृद्धि नीति तयार गर्ने ।

**क्रियाकलापहरु :**

- उपलब्ध भौतिक संरचनाहरुको वैकल्पिक प्रयोग गर्ने,
- आन्तरिक व्यावसायिक क्रियाकलाप जस्तै : बगैंचा, माछापोखरी, सेमिनार हल खेलकुद मैदान भाडामा लगाउने, ड्रेस टाई, जर्नल आदि प्रकाशन तथा विक्री सञ्चालन गर्ने,

- कोष अभिवृद्धि नीति, कार्यक्रम तथा सूचकाङ्क तयार गरी कार्यान्वयन गर्ने,
- कोष अभिवृद्धिका लागि व्यवस्थापन एकाइ गठन गर्ने,
- सरोकारवाला पक्ष, दातृ निकायसँग सम्पर्क र समन्वय गरी साझेदारी कार्यक्रम सञ्चालन गर्ने,
- दाताहरुलाई आकर्षण र सम्मान गर्ने वातावरण तयार गर्ने,
- पठनपाठन सम्बन्धी नयाँ कार्यक्रम थप गरी विद्यार्थी भर्नादर बढाउने (जस्तैः व्यवसायिक, रोजगार मुखी शिक्षा आदि)
- समय सापेक्ष शुल्क परिमार्जन गर्ने,
- विभिन्न प्रायोजनका लागि आन्तरिक कोष (उपदान, अवकास कोष, औषधी उपचार कोष, विद्यार्थी सहयोग कोष, आदि) स्थापना गरी प्रयोगमा ल्याउने,
- क्याम्पसका कोषहरुको लगानी गरी कोष वृद्धि गर्दै जाने,
- दातृसंस्था तथा दाताहरु पहिचान गरी आवश्यक सहयोगका लागि अनुरोध गर्ने,
- आर्थिक श्रोत जुटाउन प्रस्ताव तयार गरी दातृ संघ-संस्था तथा दाता समक्ष पेश गर्ने,
- कोषवृद्धिको लागि तालिम तथा प्रचार प्रसार गर्ने,
- विश्वविद्यालय अनुदान आयोगसँग अनुदान वृद्धिका लागि पहल गर्ने साथै प्रदेश सरकार तथा स्थानीय निकायसँग समवन्य गरी नियमित श्रोत जुटाउन पहल गर्ने,
- शैक्षिक सामग्री तथा पुस्तकका लागि विभिन्न प्रकाशक तथा संस्थाहरुसँग प्रस्ताव पेश गर्ने ।

**सूचक :**

- क्याम्पसको वित्तीय विवरण (आर्थिक अभिलेखीकरण तथा प्रकाशन) तयार गरिएको हुनेछ ।
- कोष अभिवृद्धि एकाईको प्रतिवेदन पेश गरिएको हुनेछ ।
- विभिन्न संघ-संस्था, दाताबाट संकलन गरिएको रकमको विवरण सार्वजनिक गरिएको हुनेछ ।
- आर्थिक नीति , विनियम र नियमावली निर्माण गरिएको हुनेछ ।
- पारदर्शितापूर्वक प्रस्ताव , सहमति र सम्झौता गरिएको हुनेछ ।
- सामाजिक परीक्षण तथा लेखा परीक्षण प्रतिवेदन तथा प्रकाशन गरिएको हुनेछ ।
- कोष वृद्धि भई दीगो आर्थिक विकासमा टेवा पुगेको हुनेछ ।

**रणनीतिहरु :**

- सरोकारवालापक्षहरुसंग वृहत अन्तरक्रिया र गोष्ठी संचालन गरी क्याम्पस सञ्चालक समितिले कोष अभिवृद्धि नीति तयार पारी सोको कार्यान्वयनको लागि कोष अभिवृद्धि एकाई गठन गर्ने,

- क्याम्पसमा प्रचार प्रसार एकाइ गठन गरी कोष अभिवृद्धिका लागि प्रचार प्रसार गर्ने, सेमिनारहरु सञ्चालन गर्ने, विद्यार्थी भर्नादर वृद्धिका लागि रेडियो, टेलिभिजन, प्रेस मिडिया, नेट इन्टरनेट मार्फत विज्ञापन गरी जनसम्पर्क वृद्धि गर्ने,
- प्रदेश सरकार, स्थानीय निकाय, सामाजिक संघसंस्था, व्यापारिक संगठनसंग अन्तरक्रिया, परामर्श तथा सम्वन्ध विस्तार गरी नियमित रुपमा आयश्रोतको व्यवस्थापन गर्ने,
- क्याम्पसमा व्यावसायिक इकाइ गठन गरी क्याम्पसमा उपलब्ध जग्गा, बगैंचा, पोखरी आदिलाई व्यावसायिक रुपमा सदुपयोग गर्ने,
- नियमित र दीगो आम्दानीको लागि योजनाको छनौट गरी लगानी गर्ने,
- सरकारी तथा गैरसरकारी (राष्ट्रिय तथा अन्तराष्ट्रिय) निकायसंग आर्थिक सहयोगका लागि सम्बन्ध विस्तार गर्ने,
- व्यक्तिको स्मरणमा अक्षयकोष वा भौतिक निर्माण तथा आर्थिक सहयोग प्राप्त गर्ने अवस्था सिर्जना गर्ने,
- आर्थिक नीति नियमावलीको आधारमा आर्थिक क्रियाकलापहरु सञ्चालन गर्ने ।

## ५. अनुसन्धान, प्रकाशन, अभिलेखिकरण तथा सूचना प्रविधि (Research, Publication, Documentation and Information Technology)

**क्षेत्र :** अनुसन्धान, प्रकाशन, अभिलेखीकरण तथा सूचना प्रविधि ।

**लक्ष्य :** जे.एस. मुरारका बहुमुखी क्याम्पसलाई अनुसन्धानात्मक स्रोतकेन्द्रको रुपमा विकास गरी सूचना प्रविधियुक्त बनाउने ।

**उद्देश्य :**

- अनुसन्धनात्मक लेख, रचना र पुस्तक प्रकाशन गर्ने,
- अनुसन्धनात्मक क्रियाकलापमा शिक्षक र विद्यार्थीलाई सक्रिय बनाउने,
- क्याम्पसका सम्पूर्ण गतिविधिहरु समावेश भएको डकुमेन्ट्री तयार गर्ने,
- शिक्षण कार्यमा आधुनिक प्रविधिको प्रयोग गर्ने,
- क्याम्पसलाई सूचना केन्द्रको रुपमा विकसित गर्ने,
- क्याम्पसका अभिलेखहरुलाई चुस्त दुरुस्त बनाउने,
- सरोकारवालापक्षहरुबीच सरल र सहज तरिकाले सूचनाको पहुँच पुऱ्याउने ।

**क्रियाकलापहरु :**

- पुस्तकालयलाई थप व्यवस्थित बनाउने,
- E-Library प्रवर्द्धन गर्ने,
- स्रोत साधन सम्पन्न अनुसन्धानकक्षको व्यवस्था गर्ने,
- अनुसन्धान गर्न र गराउन उत्प्रेरित गर्ने,
- नियमित वार्षिक प्रतिवेदन प्रकाशन गर्ने,
- अनुसन्धनात्मक तालिम कार्यक्रम संचालन गर्ने,
- कम्प्यूटर प्रविधि उपयोग गरी अभिलेखीकरण कार्यलाई थप व्यवस्थित गर्ने,
- आन्तरिक र वाह्‌य लेखापरीक्षणको व्यवस्था गर्ने,
- सामाजिक लेखापरीक्षण सञ्चालन गर्ने,
- आवश्यकता अनुसारको विद्युतीय समग्रीको व्यवस्था गर्ने,
- CC TV जडान विस्तार गर्ने,
- क्याम्पसको गतिविधि सम्बन्धी Documentry तयार गर्ने ।

**सूचक :**

- E-Library प्रयोगमा विद्यार्थीको पहूँच बढेको हुनेछ ।
- क्याम्पसमा आवश्यकता अनुसारको कम्प्यूटरको व्यवस्था भइसकेको हुनेछ ।
- सम्पूर्ण गतिविधिहरुको अभिलेख तयार भइसकेका हुनेछन् ।
- अनुसन्धानात्मक कृतिहरुको प्रकाशन हुनेछ ।
- प्राध्यापकहरु अनुसन्धान कार्यमा संलग्न भएका हुनेछन् ।
- CCTV, Notice Board, Projector तथा Computer को थप व्यवस्था र प्रयोग हुनेछ ।
- क्याम्पस गतिविधि सम्बन्धि Documentry प्रदर्शन हुनेछ ।

**रणनीतिहरु :**

- क्याम्पससँग सम्वद्ध पक्षहरुसँग आपसी समन्वय गर्ने ,
- स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका श्रोत पहिचान गरी परिचालन गर्ने ,
- अवश्यकता अनुसारको तालिमद्वारा कर्मचारीको दक्षता अभिवृद्धि गरी अभिलेख व्यवस्थित गर्ने,
- प्राध्यापक, कर्मचारी र विद्यार्थीहरुलाई अनुसन्धान कार्यका लागि उपयुक्त अवसर प्रदान गर्ने,
- आन्तरिक तथा बाह्‌य स्रोतको प्रयोग गरी सूचना सामग्रीहरुको व्यवस्थापन गर्ने,
- EMIS Cell लाई चाहिने आवश्यक सामग्रीहरुको व्यवस्था गरी थप प्रभावकारी बनाउने,
- सूचना प्रविधिका लागि आवश्यक दक्ष जनशक्तिको व्यवस्था गर्ने,

- प्रचार प्रसार कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन गर्ने ।

## ६. लैङ्गिक संवेदनशीलता र समावेशीकरण (Gender Sensitiveness & Inclusiveness)

**क्षेत्र :** लैङ्गिक संवेदनशीलता र समावेशीकरण

**लक्ष्य:** आगामी पाँच वर्ष सम्ममा क्याम्पससंग सम्वन्धित प्रत्येक निकायमा समावेशीका आधारमा समान अवसर प्रदान गरी समावेशी र लैङ्गिक समतामूलक समाजको निर्माण गर्नु (लैङ्गिक समता र समावेशीकरणको विकास गर्ने) ।

**उद्देश्यहरु :**

- लैङ्गिक संवेदनशीलता र समावेशी सम्वन्धी चेतना जगाउनु,
- क्याम्पसको हरेक निकायमा समावेशी तथा लैङ्गिक समानताको अवसरलाई प्राथमिकता दिनु,
- विद्यार्थीहरुलाई लैङ्गिक संवेदनशीलता र समावेशीकरण प्रति जागरुक गराउनु,
- क्याम्पसलाई समावेशी शैक्षिक संस्थाको रुपमा विकास गर्नु ।

**क्रियाकलापहरु :**

- चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने (तालिम, सेमिनार, कार्यशाला आदि),
- क्याम्पसमा हुने प्रत्येक निकायको नियुक्ति प्रक्रियालाई समावेशी बनाउने,
- क्याम्पसबाट प्रदान गरीने छात्रवृत्तिलाई लैङ्गिक संवेदनशीलता र समावेशी बनाउने,
- लैङ्गिक विभेदको अन्त्य गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने (स्तरवृद्धि, नियुक्ती, जिम्मेवारी, उत्तरदायित्व),
- क्याम्पसलाई समावेशी र लैङ्गिक विभेदरहित नमूना क्याम्पसको रुपमा विकास गर्ने ।

**सूचकहरु :**

- प्रत्येक वर्ष चेतनामूलक कार्यक्रमहरु सञ्चालन भएका हुनेछन् ।
- छनौट प्रकृया पारदर्शी र समावेशी भएका हुनेछन् ।
- क्याम्पसद्वारा प्रदान गरिने निःशुल्कता तथा छात्रवृत्तिमा लैङ्गिक संवेदनशीलता तथा समावेशीलाई प्राथमिकता दिइएको हुनेछ ।
- क्याम्पस संचालन नियम-विनियम अनुसार विदा सुविधा प्रदान भएको हुनेछ ।
- क्याम्पसद्वारा गराइने अतिरिक्त कृयाकलापमा लैङ्गिक समावेशीता हुनेछ ।
- लैङ्गिक समता र समावेशीकरणका लागि नियमावलीमा समयानुकूल संसोधन हुनेछ ।

**रणनीतिहरु :**

- लैङ्गिक संवेदनशीलता तथा समावेशीकरण सम्बन्धी चेतनामूलक कार्यक्रम संचालनका लागि सम्बन्धित संघ संस्थाहरुसंग सहकार्य गर्ने,

- चेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक श्रोत र साधन जुटाउने,
- छनौट प्रक्रियालाई पारदर्शी तथा समावेशीकरण गर्ने ।

**५.४ अनुगमन तथा मूल्याङ्कन प्रणाली (Monitoring and Evaluation System) :**

अनुगमन तथा मूल्याङ्कन रणनीतिक योजनाको आधारभूत तत्व हो । जसको आधारमा प्रस्तावित कार्यक्रमहरुले अपेक्षित नतिजाको प्रतिफल दिन सक्छ । कार्यक्रम क्षेत्र र कार्यक्रममा प्रत्यक्ष रेखदेख , सल्लाह/सुझाव एवं सहयोग पुर्‍याउने पृष्ठपोषण प्रणाली अनुगमन हो । जसले कार्यक्रमको कार्यान्वयनको हरेक तहमा जानकारी लिने र दिने काम गर्दछ । त्यस्तै मूल्याङ्कन कार्यक्रम कार्यान्वयनको प्रतिफल तर्फ उन्मुख रहन्छ । यसले योजना पहिचानदेखि अन्तिम प्रतिफलको अवस्थासम्म कार्यान्वयनको प्रभावकारिता, सबल र सुधारात्मक पक्षहरुको समीक्षा गरी कार्यक्रमको गुणस्तर लेखाजोखा गर्दछ ।

अनुगमनमा खासगरी स्रोत-सामग्रीको व्यवस्थापन, कार्यान्वयनको अवस्था, नेतृत्वको भूमिका, सरोकारवालापक्षहरुको संलग्नता आदि पक्षमा प्रष्टता लिने र भेटघाट, छलफल, अन्तरक्रिया, अवलोकन बिधि अपनाइनेछ । त्यसैगरी मूलयाङ्कनको लागि प्राविधिक/विशेषज्ञको संलग्नता, कार्यप्रगति विवरण, समितिको निर्णय प्रक्रिया/प्रतिफल, कार्यक्रमबाट सेवाग्राहीले हासिल गरेको उपलब्धी जस्ता पक्षमा जोड दिइने छ । क्याम्पसले आफ्नो रणनीतिक योजनाको अनुगमन तथा मूल्याङ्कनको लागि कार्यक्रमको प्रगति र साझेदारी वा सहयोगी निकायसँग भएको शर्तलाई आधारको रुपमा लिइनेछ । सरोकारवाला पक्षहरुको सहभागितामूलक कार्यशैलीमा संस्थागत प्रक्रिया/स्वरुपको आधारमा समिति र कार्यक्रम प्रकृति अनुसार उपसमिति गठन गरी अनुगमन तथा मूल्याङ्कनलाई निरन्तरता दिइनेछ । यस अन्तर्गत क्याम्पसमा कार्यक्रम अनुसार सर्वपक्षीय समता र समावेशीकरणको आधारमा समिति निर्माण गरी अनुगमन तथा मूल्याङ्कन कार्यलाई अगाडी बढाइने छ ।

आवश्यकता अनुसार प्राविधिक तथा विशेषज्ञको सरसल्लाह लिईने छ ।

**विद्यमान समितिहरु :**

- क्याम्पस सभा
- सञ्चालक समिति
- IQAC
- अनुगमन समिति
- खरीद तथा निर्माण समिति
- प्राध्यापक संघ एकाई समिति
- कर्मचारी संघ एकाई समिति
- सामान्य प्रशासन
- आर्थिक शाखा
- परीक्षा शाखा
- पुस्तकालय शाखा
- भण्डार शाखा
- अभ्यास शिक्षण समिति
- विभागीय विषयगत समितिहरु

- स्ववियु
- EMIS Cell
- RMC Cell
- NEHEP समिति
- Computer Section
- गुनासो सुनुवाई/निवारण एकाई
- आन्तरिक क्रियाकलाप समिति
- आन्तरिक परीक्षा समिति

## ५.५ पूर्वानुमान /सीमाहरु (Pre-assumptions /Limitations):

पूर्वानुमान योजनाको नियन्त्रण भन्दा टाढा रहेका बाह्य अवस्था तथा परिस्थितिहरुप्रति लक्षित हुन्छ । त्यसैगरी सीमाहरु योजनाको प्रतिफल प्राप्तिका लागि सकारात्मक परिस्थितिमा रहनु पर्दछ । क्याम्पसको रणनीतिक योजनाको लागि निम्न पूर्वानुमान/सीमाहरुलाई लिन सकिन्छ, जुन कुरा क्याम्पस र कार्यक्रमको हितमा हुनु पर्नेछ ।

- क्याम्पस सभा, सञ्चालक समिति, प्राध्यापक, कर्मचारी र विद्यार्थीहरुमा क्याम्पसप्रति अपनत्वको भावना भएमा,
- 'क्याम्पस हाम्रो लागि र हामी क्याम्पसका लागि' भन्ने क्याम्पस सभा, सञ्चालक समिति, समुदाय, प्राध्यापक/कर्मचारी र विद्यार्थीमा सकारात्मक सोच भएमा,
- सम्बन्धित सरोकारवालापक्षहरुको निरन्तर सहयोग भइरहेमा,
- संघिय तथा प्रदेश सरकार, स्थानीय निकाय, जि.स.स., सरकारी एवं गैरसरकारी संस्थाको सहयोग प्राप्त भएमा,
- राजनैतिक स्थिति अनुकुल भएमा,
- UGC को नीतिगत कार्यक्रममा समझदारी रहेमा,
- सहयोगी निकायको सहकार्य गर्ने अवस्था यथावत रहेमा,
- शिक्षा नीति नियम अनुकूल रहेमा ।

## खण्ड - ६
## स्रोत परिचालन
## *Resource Mobilization*

### ६.१ सरोकारवालाहरूको मञ्च (Stakeholder Forum) :

यस क्याम्पसका सरोकारवालापक्षहरूमा क्याम्पस सभा, सञ्चालक समिति, प्राध्यापक, कर्मचारी, विद्यार्थी, अभिभावक, दाता, समुदाय, संघिय तथा प्रदेश सरकार, स्थानीय निकाय, स्थानीय सङ्घ संस्था, त्रि.वि., रा.प.बोर्ड, विश्वविद्यालय अनुदान आयोग, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्था आदि हुन् । यस संस्थाको नियमावली अनुसार स्थायी रुपमा २५ सदस्यीय सञ्चालक समिति र विद्यार्थी हितको लागि स्ववियु क्रियाशील छ भने, प्राध्यापकको लागि प्राध्यापक संघ बिधिवत् रुपमा गठन भई क्रियाशील छ । दैनिक क्याम्पस सञ्चालनको लागि क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रंमुख, शिक्षा, मानविकी, व्यवस्थापन र विज्ञान विभाग तथा RMC & EMIS को साथै लेखा शाखा, प्रशासन शाखा, परीक्षा शाखा, पुस्तकालय शाखा, कम्प्यूटर शाखा र भण्डार शाखा आदि क्रियाशील भई क्याम्पसलाई गतिशीलता प्रदान गरिरहेको अवस्था छ ।

### ६.२ प्रतिबद्धता र चासो (Commitment and Concern):

क्याम्पस नियमावली अनुसार हरेक वर्ष सञ्चालक समितिद्वारा वार्षिक कार्यक्रम र बजेट पारित भई नियमित रुपमा कार्यान्वयन हुँदै आएको छ । यो क्याम्पस समुदायमा आधारित शैक्षिक संस्था भएकोले समुदायप्रति जवाफदेह छ । क्याम्पस नियमावलीमा प्राध्यापक, कर्मचारी र विद्यार्थी आचारसंहिता लागु गर्ने प्रावधान रहेकोले योजनालाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न सरोकारवाला पक्षको सहभागितामा साझा आचारसंहिता समेत निर्माण गरिनुको साथै नेपाल सरकार, प्रदेश सरकार, त्रि.वि. र रा.प.बोर्ड को प्रचलित ऐन नियम अनुसार यो क्याम्पस सञ्चालन भएको हुँदा ती संस्था र निकायप्रति यो क्याम्पस पूर्ण रुपमा जवाफदेह रहदै आएको छ । त्यसै गरी विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त सहयोगको सही परिचालन गर्न योजनाबद्ध रुपले कार्यक्रम सञ्चालनका लागि प्रतिबद्ध छ ।

### ६.३ कार्य सम्बन्ध (Networking):

यस क्याम्पसको कार्य सम्बन्ध प्रदेश सरकार, स्थानीय निकाय, स्थानीय संघ-संस्था, त्रि.वि., विश्वविद्यालय अनुदान आयोग, रा.प.बोर्ड, चन्दादाता, जग्गादाता, समुदाय, स्थानीय शिक्षण संस्थाहरू, सरकारी निकाय तथा कार्यालयहरू र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूसँग सहयोग, अनुदान र साझेदारीमा कार्यसम्बन्ध विस्तार भइरहेको छ र यो सम्बन्धलाई निरन्तरता दिइनेछ । आन्तरिक र सहयोगी निकायको संयुक्त प्रयास वा साझेदारीमा काम गर्न क्याम्पस सदैव तत्पर छ र रहिरहने छ ।

## ६.४ स्रोत परिचालनको खाका (Scheme for Resource Mobilization):

यस क्याम्पसको स्रोतबाट सञ्चालन गरिने कार्यक्रमहरू क्याम्पसको नियम-विनियम अनुसार सञ्चालन हुँदै आएकोछ । त्यसैगरी विभिन्न निकायहरूबाट प्राप्त हुने अनुदान तथा सहयोग ती निकायहरूसँग भएको सम्झौता र सरकारको प्रचलित ऐन-नियम अनुसार परिचालन हुँदै आएको र आगामी दिनमा पनि सोही अनुसार गरिनेछ। विभिन्न स्रोतबाट प्राप्त अनुदान र सहयोग उपभोक्ता समिति मार्फत कार्यन्वयन हुँदै आएको र त्यसको अनुगमन तथा मुल्याङ्कन प्रचलित ऐन नियम र क्याम्पस नियमावली अनुसार हुने व्यवस्था रहेको छ । यसरी कामको प्रकृति हेरी प्राविधिक तथा विशेषज्ञको सहयोग लिई प्रभावकारी कार्य गरिदै आएको छ। कामको कार्यान्वयन गर्दा मितव्ययिता र पारदर्शिता अपनाइने गरिएको छ।

# Annex

आ.व. २०७९/०८० देखि आ.व. २०८३/०८४ को बार्षिक कार्ययोजना

प्राध्यापक तथा कर्मचारीको नामावली

रणनीतिक योजना परिमार्जन सम्बन्धी कार्यशाला गोष्ठीमा सहभागीहरुको नामावली

रणनीतिक योजनाको ड्राफ्टमा छलफलका लागि सहभागीहरुको नामावली

क्याम्पसका फोटोहरु

# वि.सं. २०८० अषाढ मसान्त (16th July 2023 A.D.) सम्ममा गरिने कार्यक्रम विवरण

| क्षेत्र | कार्यक्रम | सूचक | बजेट (रु.) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | आन्तरिक श्रोत | बाह्र्य श्रोत * | जम्मा रु. | |
| व्यस्थापन तथा संस्थागत विकास | • रणनीतिक योजना परिमार्जन | • समसामयिक परिवर्तन | १५०००० | | १५०००० | |
| | • प्रशासनीक भवन फर्निसिङ्ग | • प्रशासनीक भवनको संचालन | | २०००००० | २०००००० | *ल.न.पा. बाट |
| | • प्राध्यापकहरुको अवलोकन भ्रमण | • अनुभव आदान-प्रदान | | ३००००० | ३००००० | *UGC,EPG बाट |
| | • सरोकारवालाहरु सँग अन्तरक्रिया | • अनुभव आदान प्रदान | २५००० | १२५००० | १५०००० | *UGC बाट |
| शैक्षिक विकास | • NEHEP कार्यक्रममा सहभागिता | • शैक्षिक विकास | १००००० | ४००००० | ५००००० | *UGC बाट |
| | • जलबायु परिवर्तन सम्बन्धी सचेतना कार्यक्रम | • हरित अवधारणा विकास | ५०००० | १००००० | १५०००० | *UGC बाट |
| | • कार्यक्रम तथा विषय थप | • BICTE | १०००००० | | १०००००० | |
| | • पुस्तक खरीद | • परिमार्जित पाठयक्रम अनुसार | ३००००० | ५,००००० | ८००००० | *UGC बाट |
| | • विद्यार्थी भर्ना, उतीर्ण दर वृद्धि तथा Dropout न्यूनिकरण सम्बन्धी अन्तरक्रिया | • भर्ना उतीर्ण दर वृद्धि तथा Dropout न्यूनिकरण | ५०००० | १००००० | १५०००० | *UGC बाट |
| | • रोजगारदाता निकायहरुसंग अन्तरक्रिया तथा सम्बन्ध विस्तार | • रोजगारिको अवसर | ५०००० | ५०००० | १००००० | *UGC बाट |
| | • Non credit Course को निरन्तरता | • विद्यार्थीको क्षमता अभिवृद्धि | १००००० | | १००००० | |
| भौतिक पूर्वाधार | • विज्ञान शैक्षिक भवनको पहिलो तल्ला निर्माण | • कक्षा कोठा व्यवस्थापन | | १००००००० | १००००००० | *प्रदेश सरकार |
| | • बास्केटबल कोर्ट व्यवस्थापन | • १ वटा | १००००० | | १००००० | |
| | • ३ फेज विद्युत जडान | • विद्युत क्षमता अभिवृद्धि | १५०००० | | १५०००० | |
| | • आन्तरिक बाटो स्तरीयकरण तथा ढल निकास | • ३०० मिटर | ५००००० | १०००००० | १५००००० | *UGC बाट |
| | • डेस्क बेन्च निर्माण | • १०० | ५००००० | १०००००० | १५००००० | *UGC बाट |
| | • RMC सेमिनार हलको व्यवस्थापन | • व्यवस्थित RMC सेमिनार हल | १००००० | | १००००० | |
| | • RMC कक्षको स्तरिकरण | • व्यवस्थित RMC कक्ष | १००००० | | १००००० | |
| | • Boundary Wall निर्माण | • संरक्षित क्याम्पस परिसर | | २५००००० | २५००००० | * ल.न.पा बाट |
| दिगो आर्थिक विकास | • राष्ट्रिय तथा अन्तराष्ट्रिय साझेदारी निर्माण | • आर्थिक स्रोत खोजी | ५०००० | १००००० | १५०००० | *UGC बाट |
| | • आर्थिक स्रोत व्यवस्थापनका लागि निती तर्जुमा गर्ने | • आन्तरिक स्रोत व्यवस्थापन | | | | |
| अनुसन्धान, प्रकाशन, अभिलेखीकरण तथा सूचना प्रविधि | • शैक्षिक क्यालेण्डर बनाउन | • ४ हजार प्रति | १००००० | २००००० | ३००००० | *UGC बाट |
| | • क्याम्पसको वार्षिक प्रतिवेदन प्रकाशन | • ५ सय प्रति | ५०००० | १००००० | १५०००० | *UGC बाट |
| | • सफ्टवेयर प्रोग्राम खरीद तथा Website | • व्यवस्थित अभिलेखीकरण | २००००० | ४००००० | ६००००० | *UGC,EPG |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | परिमार्जन | | | | | बाट |
| | • जर्नल प्रकाशन | • १०० प्रति | ५०००० | १००००० | १५०००० | *UGC बाट |
| | • E-Library व्यवस्थापन सम्बन्धी तालिम | • २ जना कर्मचारी | २०००० | ३०००० | ५०००० | *UGC बाट |
| | • निजि तथा सार्वजनिक क्षेत्र संगको सहकार्यमा अनुसन्धानात्मक गोष्ठी | • अनुसन्धान प्रबर्द्धन | १००००० | ३००००० | ४००००० | *UGC बाट |
| | • शिक्षण सिकाई सम्बन्धि RMC र प्राध्यापक विच अन्तरक्रिया | • सिक्षण सिकाई स्तर उन्नती | ५०००० | | ५०००० | |
| लैङ्गिक संवेदनशीलता र समावेशीकरण | • लैङ्गिक विभेद सम्बन्धि कार्यशाला गोष्ठी | • एक कार्यक्रम | २०००० | ४०००० | ६०००० | *UGC बाट |
| | | **जम्मा** | ३९१५००० | १९३४५००० | २३२६०००० | |

**संजय कुमार चौधरी**
**नि.क्याम्पस प्रमुख**

**रामसुन्दर चौधरी**
**कार्यकारी अध्यक्ष**

# आ.व. २०८०/०८१ (F.Y. 2023-24A.D.)मा गरिने कार्यक्रम विवरण

| क्षेत्र | कार्यक्रम | सूचक | बजेट (रु.) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | आन्तरिक श्रोत | बाह्य श्रोत * | जम्मा रु. | |
| व्यस्थापन तथा संस्थागत विकास | • Tracer Study को तथ्याङ्क संकलन एवं प्रतिवेदन लेखन | • सरोकारवाला पक्ष | १००००० | | १००००० | |
| | • QAA प्रमाण-पत्र प्राप्त क्याम्पसहरुसंग अन्तरक्रिया कार्यक्रम | • अनुभव आदान-प्रदान | | १००००० | १००००० | *UGC बाट |
| | • प्राथमिक उपचार कक्षका लागि सामग्री खरीद | • समृद्ध उपचार कक्ष | ५०००० | | ५०००० | |
| | • क्याम्पस विद्यार्थी अभिभावक तथा समुदायविचको सम्बन्ध सुधार | • सरोकारवाला पक्षहरुविच सुमधुर सम्बन्ध | ५०००० | | ५०००० | |
| शैक्षिक विकास | • Project work सम्बन्धी अभिमुखिकरण कार्यक्रम | • ५ जना प्राध्यापक,<br>• ३० जना विद्यार्थी | ५५००० | | ५५००० | |
| | • कार्यक्रम तथा विषय थप | • BBA, BCA | २०००००० | | २०००००० | |
| | • विज्ञान प्रयोगशाला सामग्री खरीद | • पाठयक्रम अनुसार | ३००००० | | ३००००० | |
| | • पुस्तक खरीद | • परिमार्जित पाठयक्रम अनुसार | ५००००० | ५००००० | १०००००० | *UGC बाट |
| | • पुस्तकालयको लागि फर्निचर खरीद | • पुस्तकालय व्यवस्थापन | | २५००००० | २५००००० | * प्रदेश सभा संसदीय कोष |
| | • कम्प्यूटर ल्याब व्यवस्थापन | • कम्प्यूटर प्रयोगशाला कक्ष | | २५००००० | २५००००० | संधीय कोष |
| भौतिक पूर्वाधार | • एकीकृत अनुसन्धान प्रयोगशाला | • विज्ञान प्रयोग शाला कक्ष | १०००००० | १०००००० | २०००००० | *UGC बाट |
| | • विज्ञान शैक्षिक भवनको पहिलो तल्लाको Furnishing | • कक्षाकोठाको व्यवस्थापन | १०००००००० | १०००००००० | २०००००००० | *UGC बाट |
| | • क्याम्पसको बसको पार्किङ्ग स्थल निर्माण | • १ वटा | ५००००० | १०००००० | १५००००० | *UGC बाट |
| | • शिक्षा शास्त्र संकायको भवन विस्तार | • व्यवस्थित कक्षाकोठा | | १०००००००० | १०००००००० | * ल.न.पा.बाट |
| दिगो आर्थिक विकास | • भर्ना दर वृद्धिका लागि अन्तरक्रिया कार्यक्रम | • विद्यार्थी भर्नामा वृद्धि | ५०००० | | ५०००० | |
| अनुसन्धान, प्रकाशन, अभिलेखीकरण तथा सूचना प्रविधि | • Caledar and Propectus प्रकाशन | • ४ हजार प्रति | १५०००० | २५०००० | ४००००० | *UGC बाट |
| | • क्याम्पसको बुलेटिन प्रकाशन (वार्षिक) | • १ हजार प्रति | ५०००० | ५०००० | १००००० | *UGC बाट |
| | • अनुसन्धानात्मक जर्नल प्रकाशन | • १ हजार प्रति | १००००० | १५०००० | २५०००० | *UGC बाट |
| | • इन्टरनेटको क्षमता विस्तार | • सूचना प्रणाली प्रभावकारी | १००००० | | १००००० | |
| लैङ्गिक संवेदनशीलता र समावेशीकरण | • चेतनामुलक कार्यशाला गोष्ठी | • एक कार्यक्रम | ५०००० | ५०००० | १००००० | *UGC बाट |
| | | **जम्मा** | **१५०५५०००** | **२८१०००००** | **४३१५५०००** | |

**संजय कुमार चौधरी**
**नि.क्याम्पस प्रमुख**

**रामसुन्दर चौधरा**
**कार्यकारी अध्यक्ष**

# आ.व. २०८१/०८२ (F.Y. 2024-25A.D.)मा गरिने कार्यक्रम विवरण

| क्षेत्र | कार्यक्रम | सूचक | बजेट (रु.) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | आन्तरिक श्रोत | बाह्य श्रोत * | जम्मा रु. | |
| व्यस्थापन तथा संस्थागत विकास | • व्यवस्थापकीय क्षमता अभिवृद्धि कार्यक्रम | • प्रशासनिक तथा पुस्तकालय क्षमता अभिवृद्धि | १००००० | १००००० | २००००० | *UGC बाट |
| | • अनुगमन तथा मूल्याङ्कन प्रणाली व्यवस्थापन | • प्रभावकारी व्यवस्थापन | १००००० | | १००००० | |
| | • अनुसन्धान तथा विकास सम्बन्धि अभिमुखिकरण तालिम | • क्षमता अभिवृद्धि | १००००० | १००००० | २००००० | *UGC बाट |
| | • पुस्तकालय व्यवस्थापन तालिम | • व्यवस्थित पुस्तकालय | ५०००० | | ५०००० | |
| | • Placement को लागि रोजगारदाताहरुसंग अन्तरक्रिया कार्यक्रम | • Placement मा वृद्धि | १००००० | १००००० | २००००० | *UGC बाट |
| | • पृष्ठपोषण आदान प्रदान कार्यक्रम | • व्यवस्थापकीय सुधार | ५०००० | | ५०००० | |
| शैक्षिक विकास | • पाठ्यक्रममा आधारित अनुसन्धान सम्बन्धी अभिमुखीकरण कार्यक्रम | • विद्यार्थीको क्षमता अभिवृद्धि (स्नातकोत्तर तहको शोधपत्र तथा स्नातक तहको Project Work) | १००००० | १००००० | २००००० | *UGC बाट |
| | • शैक्षिक कार्यक्रम थप | • B.Sc. in Biotechnology, BBM, B.Sc.CSIT स्नातकोत्तर तहमा नेपाली | १०००००० | १५००००० | २५००००० | *UGC बाट |
| | • अभ्यास शिक्षण अभिमुखीकरण कार्यक्रम | • विद्यार्थीको क्षमता अभिवृद्धि | १००००० | १००००० | २००००० | *UGC बाट |
| | • पुस्तक खरीद | • परिमार्जित पाठ्यक्रम अनुसार | २००००० | ४००००० | ६००००० | *UGC बाट |
| | • विज्ञान प्रयोगशाला सामग्री खरीद | • पाठ्यक्रम अनुसार | २००००० | २००००० | ४००००० | *UGC बाट |
| | • शिक्षण कार्यमा नयाँ विधि र प्रविधिको प्रयोग (Smart Board) | • प्रभावकारी शिक्षण | ४००००० | ६००००० | १०००००० | *UGC बाट |
| | • प्राध्यापक प्रतिवद्धता कार्यक्रम, परीक्षा तयारी, कक्षा संचालन, कोचिङ्ग कक्षा शिक्षण विधिमा सुधार सम्बन्धी अन्तरकृया र छलफल | • शैक्षिक गुणस्तरमा सुधार | ५०००० | ५०००० | १००००० | *UGC बाट |
| भौतिक पूर्वाधार | • Green House निर्माण | • प्रभावकारी शिक्षण | ५००००० | १०००००० | १५००००० | *UGC बाट |
| | • अन्तरिक बाटो स्तरीयकरण | • २५० मी. | २००००० | ३००००० | ५००००० | *UGC बाट |
| | • कक्षाकोठाको लागि डेस्कबेन्च खरीद | • ५० थान | २००००० | ३००००० | ५००००० | *UGC बाट |
| | • शिक्षा शास्त्र संकायको भवन विस्तार | • व्यवस्थित कक्षाकोठा | | १००००००० | १००००००० | * ल.न.पा.बाट |
| दिगो आर्थिक विकास | • स्थानीय स्रोतको खोजी सम्बन्धी कार्यक्रम | • आर्थिक स्रोत सुदृढिकरण | ५०००० | | ५०००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **अनुसन्धान, प्रकाशन, अभिलेखीकरण तथा सूचना प्रविधि** | • Calendar and Propectus प्रकाशन | • ४ हजार प्रति | १००००० | २५०००० | ३५०००० | *UGC बाट |
| | • क्याम्पसको वार्षिक प्रतिवेदन प्रकाशन | • ५०० प्रति | | १००००० | १००००० | *UGC बाट |
| | • क्याम्पसको बुलेटिन प्रकाशन (अर्धवार्षिक) | • ५०० प्रति | ५००००० | ५०००० | १००००० | *UGC बाट |
| | • अनुसन्धानात्मक जर्नल प्रकाशन | • ५०० प्रति | १००००० | २००००० | ३००००० | *UGC बाट |
| | • CCTV जडान | • ४ थान | ५०००० | १००००० | १५०००० | *UGC बाट |
| | • अनुसन्धान तथा विकास सम्बन्धी अभिमुखिकरण तालिम | • क्षमता अभिवृद्धि | १००००० | १००००० | २००००० | *UGC बाट |
| **लैङ्गिक संवेदनशीलता र समावेशीकरण** | • महिला सशक्तिकरण सम्बन्धी चेतनामूलक कार्यक्रम | • एड्स रोग सम्बन्धि चेतना अभिवृद्धि | ५०००० | ५०००० | १००००० | *UGC बाट |
| | | **जम्मा** | ४४००००० | १५७००००० | १९६५०००० | |

**संजय कुमार चौधरी**
**नि.क्याम्पस प्रमुख**

**रामसुन्दर चौधरी**
**कार्यकारी अध्यक्ष**

# आ.व. २०८२/०८३ (F.Y. 2025-26A.D.)मा गरिने कार्यक्रम विवरण

| क्षेत्र | कार्यक्रम | सूचक | बजेट (रु.) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | आन्तरिक श्रोत | बाह्य श्रोत * | जम्मा रु. | |
| व्यस्थापन तथा संस्थागत विकास | ● संचालक सदस्यहरुको अवलोकन भ्रमण | ● अनुभव आदान-प्रदान | २००००० | ३००००० | ५००००० | *UGC बाट |
| | ● कार्यालय व्यवस्थापन सम्बन्धी तालिम | ● दक्षता अभिवृद्धि | ५०००० | १००००० | १५०००० | *UGC,EPG बाट |
| | ● सरोकारवाला पक्षहरुसंगको अन्तरक्रिया कार्यक्रम | ● सूचना आदान प्रदान | ५०००० | | ५०००० | |
| शैक्षिक विकास | ● अतिथि प्राध्यापकबाट विशेष कक्षा संचालन | ● विद्यार्थीको क्षमता अभिवृद्धि | ५०००० | ५०००० | १००००० | *UGC बाट |
| | ● पुस्तक खरीद | ● पाठ्यक्रम अनुसार | ३००००० | ४००००० | ७००००० | *UGC बाट |
| | ● विज्ञान प्रयोगशाला सामग्री खरिद | ● पाठ्यक्रम अनुसार | २००००० | २००००० | ४००००० | *UGC,EPG बाट |
| | ● वित्तशास्त्र सम्बन्धी अभिमुखीकरण कार्यक्रम | ● MBS | ५०००० | | ५०००० | |
| भौतिक पूर्वाधार | ● शिक्षा शास्त्र संकायको भवन विस्तार | ● व्यवस्थित कक्षा-कोठा | | १०००००००० | १०००००००० | * ल.न.पा बाट |
| | ● कक्षाकोठाको लागि फर्निचर खरीद | ● १२५ थान बेन्च डेस्क | २५००००० | २५००००० | ५०००००० | * प्रदेश सभा र संसदिय कोष |
| दिगो आर्थिक विकास | ● बजारमुखी शैक्षिक कार्यक्रम विस्तार | ● कार्यक्रम थप | १०००००० | १५००००० | २५००००० | * प्रदेश सरकार |
| अनुसन्धान, प्रकाशन, अभिलेखीकरण तथा सूचना प्रविधि | ● CCTV जडान | ● १० थान | १५०००० | २००००० | ३५०००० | *UGC बाट |
| | ● Calender & Prospectus छपाई | ● ४ हजार प्रति | १५०००० | २५०००० | ४००००० | *UGC बाट |
| | ● क्याम्पसको वार्षिक प्रतिवेदन प्रकाशन | ● ५ सय प्रति | | १००००० | १००००० | *UGC,EPG बाट |
| | ● अनुसन्धानात्मक जर्नल प्रकाशन | ● ३ सय प्रति | १००००० | १५०००० | २५०००० | *UGC बाट |
| | ● क्याम्पसको बुलेटीन प्रकाशन | ● ५ सय | १००००० | १५०००० | २५०००० | *UGC बाट |
| लैङ्गिक संवेदनशीलता र समावेशीकरण | ● छुवाछुत सम्बन्धी चेतनामूलक कार्यक्रम | ● १ कार्यक्रम | ५०००० | | ५०००० | |
| | | **जम्मा** | ४९५०००० | १५९००००० | २०८५०००० | |

**संजय कुमार चौधरी**
**नि.क्याम्पस प्रमुख**

**रामसुन्दर चौधरी**
**कार्यकारी अध्यक्ष**

# आ.व. २०८३/०८४ (F.Y. 2026-27A.D.)मा गरिने कार्यक्रम विवरण

| क्षेत्र | कार्यक्रम | सूचक | बजेट (रु.) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | आन्तरिक श्रोत | बाह्य श्रोत * | जम्मा रु. | |
| व्यस्थापन तथा संस्थागत विकास | • व्यवस्थापकीय क्षमता अभिवृद्धि कार्यक्रम | • प्रशासनिक क्षमता अभिवृद्धि | १००००० | २००००० | ३००००० | *UGC,PG बाट |
| | • विद्यार्थी अभिभावक गोष्ठी | • सम्बन्ध सुधार | ५०००० | १००००० | १५०००० | *UGC बाट |
| | • रणनीतिक योजना परिमार्जन | • प्रभावकारी व्यवस्थापन | १००००० | १५०००० | २५०००० | *UGC बाट |
| | • अनुसन्धान विकास सम्बन्धी तालिम | • क्षमता अभिवृद्धि | ५०००० | १००००० | १५०००० | *UGC बाट |
| शैक्षिक विकास | • Botany, Zoology विषयको अभिमुखीकरण कार्यक्रम | • २ दिने | ५०००० | १००००० | १५०००० | *UGC बाट |
| | • भाषा शिक्षण सेमिनार | • M.Ed. , B.Ed. | ७५००० | १५०००० | २२५००० | *UGC बाट |
| | • पुस्तक खरिद | • परिमार्जित पाठ्यक्रम अनुसार | २००००० | ४००००० | ६००००० | *UGC,PG बाट |
| | • शैक्षिक कार्यक्रम थप | • LLB | १०००००० | | १०००००० | *UGC बाट |
| भौतिक पूर्वाधार | • शिक्षा शास्त्र संकायको भवन विस्तार | • व्यवस्थित कक्षाकोठा | | १००००००० | १००००००० | * ल.न.पा.बाट |
| | • Desk & Bench खरिद | • ५० वटा | | १०००००० | १०००००० | * संघीय संसदीय कोष |
| दिगो आर्थिक विकास | • स्टाँल निर्माण | • १० वटा | ३०००००० | ३०००००० | ६०००००० | * प्रदेश सभा संसदीय कोष |
| अनुसन्धान, प्रकाशन, अभिलेखीकरण तथा सूचना प्रविधि | • अनुसन्धान विकास सम्बन्धी तालिम | • क्षमता अभिवृद्धि | ५०००० | १००००० | १५०००० | *UGC बाट |
| | • Calender & Prospectus प्रकाशन | • ४ हजार प्रति | १००००० | २५०००० | ३५०००० | UGC बाट |
| | • वार्षिक प्रतिवेदन प्रकाशन | • ५ सय प्रति | | १००००० | १०००० | *UGC बाट |
| | • बुलेटीन प्रकाशन | • ५ सय प्रति | १००००० | १००००० | २००००० | *UGC,PG बाट |
| | • अनुसन्धानात्मक जर्नल प्रकाशन | • ५ सय प्रति | १५०००० | २५०००० | ४००००० | *UGC बाट |
| लैङ्गिक संवेदनशीलता र समावेशीकरण | • शुल्क सहुलियत (दलित, महिला सिमान्तकृत विद्यार्थी | • उच्च शिक्षामा पहुच | २००००० | ३००००० | ५००००० | *UGC बाट |
| | | **जम्मा** | **५२२५०००** | **१६३०००००** | **२१४३५०००** | |

संजय कुमार चौधरी
नि.क्याम्पस प्रमुख

……………………
रामसुन्दर चौधरी
कार्यकारी अध्यक्ष